Jana Aakash National Weekly
www.janaakash.com

# जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष- १७, अंक- १८ २०८१ साल पुस २ गते मंगलबार (Dec 17, 2024) www.janaakash.com.np



**जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित**

**www .janaakash .com .np**

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइल: ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com


## कपि-पेस्ट नगरी मेहनतका साथ समाचार लेख्न आग्रह: उपसभामुख



काठमाडौं - उपसभामुख इन्दिरा राना मगरले पत्रकारहरूलाई केवल निराशा फैलाउने समाचार मात्रै नभई नयाँ पुस्तालाई प्रेरित गर्ने खालका समाचार तयार गर्न आग्रह गरेकी छन् ।

संसदीय मामिला पत्रकार समाजद्वारा प्रकाशित संसदीय पत्रकारिता अवधारणा र अभ्यास पुस्तक विमोचन कार्यक्रममा बोल्दै उपसभामुख मगरले पत्रकारहरूको भूमिकालाई राष्ट्र निर्माणको महत्त्वपूर्ण पक्षका रूपमा व्याख्या गरिन् ।

उनले भनिन्, "तपाईंहरूले निराशा मात्र होइन, नयाँ पुस्तालाई जाँगर चलाउने समाचार लेख्नुहोस् । यहाँ धेरैजसो निराशाजनक समाचारमात्रै छन् । तपाईंहरूको देश बचाउन ठूलो भूमिका छ । त्यसअनुसार मेहनत गरेर, तथ्यपूर्ण र न्यायसंगत समाचार लेख्नुहोस् । कपि-पेस्ट नगर्नुहोस् ।"

उपसभामुखले पत्रकारितामा सत्यतथ्यलाई प्राथमिकता दिनुपर्ने उल्लेख गर्दै, गलत उद्देश्यले समाचार नलेख्न चेतावनी दिइन् । "हामी कहिलेकाहीँ सत्य बोल्दा जनतालाई असर पर्न सक्छ । त्यसैले तपाईंहरूले जनतालाई सुसूचित गर्ने काम गर्दा सचेत हुनुपर्छ," उनले भनिन् ।

» बाकी ६ पृष्ठमा

# सरकार चाडै ढाल्ने हल्लाको वास्तविकता के हो ?

■ **मोहन कार्की**

जव जव नेपालमा स्थिरता देखिन थाल्छ । बाहिय शक्ति सलबलाउछन् । विगतमा सञ्चारको सुविधा कम हुदा रेडियो नेपाल, नेपाल टेलिभिजन, कान्तिपुर दैनिक, गोरखापत्र, समाचार पत्र, लगायत सिमित सञ्चार माध्यमले जे समाचार बनाउछन् । त्यसैगरी हल्लाको पछि जनता पनि लाग्ने र भारतसँग मात्र व्यापारको भर पर्नुपर्ने हुदा विशेष गरेर पेट्रोलियम पदार्थ भारतले दिन छाड्ने रे भनेपछि जनता समेत तर्सित भएर दुख: पाउनु भन्दा सरकार विरुद्ध आन्दोलनमा निस्केर भएपनि सरकार ढलोस् भन्ने चाहाना राख्थे । त्यस्तै पनि हुन्थ्यो । सरकार बाहिर रहेको पार्टीले आन्दोलन पनि गर्थ्यो । त्यही समय पारेर बेला बेलामा भारतीय चिनिया, राजदुतले नेपालका राजनीतिक पार्टीहरुसँग भेटघाट गर्‍यो कि राजनीतिक तरङग हुने गर्दथ्यो र सरकार ढलेको पनि देखिन्थ्यो ।

तर विगत र वर्तमान केही परिवर्तन भने भएका छन् । नेपाली जनताले सेवा सुविधामा सम्पन्नता नभएपनि सञ्चारमा आएको विकासले आजभोली सत्य तथ्य के हो के होइन भनेर बुझ्न सक्ने भएका छन् । कुनै राजनीतिक पार्टीका अमुक नेताले भन्दैमा सबै कुरा जनताले पत्याई हाल्दैनन् । ठुला भनिएका सञ्चारमाध्यमले सरकार ढल्ने र वा अन्य कुनै झुट समाचार प्रकाशन गर्दैमा जनताले पत्याई हाल्दैनन् । किनकी आज पत्येक नेपालीहरु समक्ष इन्टरनेटको सुविधा पुगेको छ । त्यसैले कुनै देशको त्यो पनि पुर्व गुप्तचरले नेपालको सरकार चाडै ढल्ने हल्ला फैलाउदैनमा नेपालको सरकार ढल्ने पनि होइन । नेपालीहरु आफैमा सर्वभौम राष्ट्र हो । अर्को सरकारमा नहुने बित्तिक्कै सरकार चाडै ढल्छ भनेर हल्ला फैलाउने विपक्षी पार्टी तथा पटक पटक प्रधानमन्त्री भईसकेका व्याक्तिको अभिव्याक्तिले सरकार ढल्छ भनेर हल्ला गर्नु कति जायज हो । कति सान्दर्भिक हो । यसको हल्लाको वास्ताविकता के हो ? नेपाली जनताले कतिले बुझेका छन् । कतिले बुझेका छैनन् । यसको

» बाकी ६ पृष्ठमा



## आफ्नै शरीरमा पेट्रोल छर्केर आगो लगाएकी महिलाको मृत्यु

काठमाडौं- कागेश्वरी मनोहरा नगरपालिका-८ स्थित किरातचोक नजिकको बागमती नदी किनारमा आफ्नै शरीरमा पेट्रोल छर्केर आगो लगाएकी महिलाको मृत्यु भएको छ ।

शनिबार दिउँसो १२ बजे चितवनको रत्ननगर नगरपालिका-१२ घर भइ बौद्ध नारायणटार बस्ने ३८ वर्षीया कमला आचार्यले आफ्नै शरीरमा पेट्रोल छर्केर आगो लगाएकी थिइन् । बा ३५ प ५८१८ नम्बरको स्कुटर आएर बागमती खोला किनार नजिकको खाली जग्गामा आचार्यले आफूमाथि आगो लगाएकी थिइन् ।

आगलागीबाट गम्भीर घाइते भएकी उनलाई उपचारका लागि साँखुस्थित सुष्मा कोइराला मेमोरियल अस्पताल लगिएको थियो ।



उपचारकै क्रमा आइतबार बिहान ५:४५ बजे उनको मृत्यु भएको प्रहरी वृत्त नयाँ बानेश्वरका डीएसपी वीरेन्द्र गोद्दारले बताए । अब शव पोष्ट मार्टम परेर आफन्तलाई बुझाइने डीएसपी गोद्दारले बताए ।

## कर्णालीमा आँखाको शल्यक्रिया शिबिर सञ्चालनमा



काठमाडौं- दैलेखको आठबिस नगरपालिकाले आँखाको शल्यक्रिया शिबिर सञ्चालनमा ल्याएको छ ।

उक्त शिबिर आधारभूत अस्पताल राकम कर्णालीमा आयोजित गरिएको हो, जसमा रेडक्रस सोसाइटी सुर्खेत आँखा अस्पताल र आठबिस नगरपालिकाले समन्वय गरेका छन् ।


यस शिबिरको उद्देश्य समुदायमा रहेका दृष्टिविहिन् र आँखासम्बन्धी समस्याहरूलाई समाधान गर्नु हो ।

शल्यक्रियाका लागि योग्य बिरामीहरूलाई निशुल्क सेवा प्रदान गरिनेछ, जसले गर्दा धेरै स्थानीय व्यक्तिहरूलाई आँखा रोगको उपचार र आवश्यक शल्यक्रिया प्राप्त गर्न मद्दत पुग्नेछ ।

रेडक्रस सोसाइटी सुर्खेत आँखा अस्पतालको प्राविधिक सहयोग र विशेषज्ञ डाक्टरहरूको टोलीद्वारा शल्यक्रिया कार्य गरिरहेका छन् । यस अवसरमा स्थानीय स्वास्थ्य सेवाका कामकाजीहरूसमेत समन्वयमा रहेका छन्, जसले शिबिरलाई प्रभावकारी बनाउन महत्त्वपूर्ण भूमिका निभाएका छन् ।

आठबिस नगरपालिकाकी पुर्व उपप्रमुख दिपा बोहोराले 'आधारभूत अस्पताल राकम कर्णालीको समर्पण र आठबिस नगरपालिकाका

» बाकी ६ पृष्ठमा

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- १८, २०८१ साल पुस २ गते मंगलबार (Dec 17, 2024)

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन ।
सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय – – – –

### नेपालको अनुसंन्धानमा विश्वास किन छैन ।

नेपाल देशमा प्रहरी प्रशासनमा दिग्गज व्यक्तित्वहरुले अनुसंन्धान गर्ने गरेका छन् । तर जनतामा ती दिग्गज व्यक्तित्वहरुले गरेका अनुसंन्धानलाई विश्वास गर्ने गरेका छैनन् । किनकी नेपालको अनुसंन्धान रचनात्मक पत्यारिलो, भरपर्दो देखिदैन । केही घटनालाई अपवादमा आहा राम्रो गरयो भन्ने खालका भएपनि धेरैजति जनताले अविश्वास गर्ने खालका विचरा न्याय पाएन । शक्तिको आडमा दवाको दावाई गरेरै छाडे जस्ता जनताको जन जिब्रोमा यस्ता शव्दहरु आईराखेको देखिन्छ ।

अनुसंन्धान गर्ने दिग्गज विषय विज्ञहरुले आफ्नो बलबुताले भ्याएसम्म विज्ञता प्रयोग गर्छन पनि होला । तर नेपालको मानवीय चेतना दलगत स्वार्थको लागि राजनीतिक पार्टीको सरकार भएको बेलामा हुने शक्तिको हस्तक्षेपले ति अनुसंन्धानकर्ताहरुलाई समेत वेला वेलामा संकट परेको दवाव आएको सत्य र निष्ठाको पक्ष लिएकै कारण कतिपय प्रहरीका वरिष्ठ अधिकृतहरुले प्रहरी प्रशासनवाट राजिनामा दिएका घटनाहरु पनि देखिएका छन् ।

यो एउटा शक्तिले अर्को शक्तिलाई दवावमा प्रभावमा राख्ने एउटा नकरात्मक प्रभाव भयो भने अर्को नेपालको अनुसंन्धान कागजी प्रमाणको आधारमा खोजिने न्याय पनि व्यवहारिक देखिदैन । किनकी कुनै एक असल व्यक्तिलाई अनुसंन्धानमा तान्नको लागि कुनै एक गलत व्यक्तिलाई प्रयोग गरेर समेत तान्ने चलन छ । त्यो नेपालको पुरानो तरिका हो । त्यसलाई आजको आधुनिक युगमा पनि प्रचलनमा छ । जसले गर्दा निष्पक्ष रिजल्ट आउन सक्दैन । कुनै एक गलत व्यक्तिले असल व्यक्तिलाई गलत व्यक्तिले असल काम गरिरहेको कुनै अपराधमा संलग्न नभएको तर गलत व्यक्तिले पोलिदिएको भरमा अर्थात उपनि हो भनिदिएको भरमा अपराधी करार गर्ने चलन छ । यो प्रथा नै गलत छ । यो प्रथालाई नहटाउनजेलसम्म अनुसंन्धानमा देखिएको विश्वास मानिसहरुमा पलाउने देखिदैन ।

अर्को अनुसंन्धान गर्ने व्यक्तिहरुलाई सरकारले दिदै आएको सुविधा पनि पर्याप्त छैन । बजार महगीले घर परिवार समेत राम्रोसँग पाल्न नसक्ने अवस्थामा रहेका अनुसंन्धानकर्ताहरुलाई गलत उद्देश्य बोकेर धन कमाएका अपराधीहरुले रकमको प्रभावमा पारिरहेका हुन्छन् । त्यस्तो प्रभावमा पर्दा वास्तविक अपराधीहरु छुट्ने तर निअपराधी सजायको भागीदार हुने घटनाहरु देखिदा जनतामा अनुसंन्धान माथि नै अविश्वासको ठूलो खाडल पैदा भईराखेको छ । यस्ता विविध कारणहरुले गर्दा नेपालको अनुसंन्धान प्रभावकारी देखिएको छैन । सम्बन्धित निकायले यस्ता हुन गएका कमजोरी सच्चाएर अनुसंन्धानलाई प्रभावकारी बनाई जन विश्वास जित्नुपर्छ । होइन भने भोलीका दिनमा हरेका घटनाहरुको अनुसंन्धानमा देखिएका समस्याले अनुसंन्धान बिभाग नै विघटन गर्नुपर्ने अवस्था आउन सक्छ ।

# राम्रो नगर्ने अनि अन्यलाई दोषी देख्ने प्रवृत्ति



दामोदर पौडेल

> आफू गल्ती गर्ने र विदेशीका सामु त्वं शरणम् भन्ने अनि उनीहरूलाई नै दोष दिने ? कस्तो विडम्बना ! देशका तमाम समस्याको कारण केलाउन सबै तयार छन् । कहिले संविधानलाई त कहिले राजालाई अनि कहिले अर्को पार्टीलाई दोष दिइयो । साथै समानुपातिक प्रतिनिधित्व नभएको भनेर पनि दोष दिइयो । प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र, संघीयता नभएर देशमा राम्रो भएन पनि भनियो । अहिले सबै आयो त !

धेरै मानिस आफ्नो कर्तव्य, दायित्व, इमानदारीलाई आहुति दिएर अरुलाई अरु पक्षलाई मात्र दोष दिने गर्छन् । समस्याको मूल कारणलाई लुकाउन सहयोग गर्ने गरेर समस्यालाई अन्यत्र मोड्ने गर्छन् । कथित विद्वान भनिनेहरु पनि कुनै अन्यत्र प्रयोग भएको र पुरानो विचारको प्रभावमा गलत नै बानी परेर समस्यालाई समाधान गर्न खोजेको भ्रममा रहेर वा भ्रम दिएर एकतर्फ रहेको समस्याको कारण र समाधानको माध्यमलाई अन्यत्र नै भएको भ्रम दिन्छन् वा आफैँ भ्रममा रहन्छन् ।

हुन त हामीलाई एक प्रकारको रोग लागेको छ । राजनीतिमा त्यो रोग अझै व्यापक छ । त्यो रोगको कारण नै हामी पीडित पनि छौं । त्यो रोग भनेको अवस्थाको सदुपयोग नगर्ने र दोष अरुलाई दिने नै हो । अप्ठेराहरु आउँछन्, तिनलाई निराकरण गर्ने र सकारात्मक पक्षको सदुपयोग गर्ने हाम्रो दायित्व हो तर हामी यो पक्षमा छैनौं । व्यवस्थालाई नेताहरुले केही दल र धेरै व्यक्तिगत फाइदाको लागि प्रयोग गरे अनि इमानदार कार्यकर्ताहरु पनि उनीहरुको पछि लागेर पदको लोभ र सहयोगको आशामा गलत गर्नेहरुकै पक्षमा उभिएका छन् । इमानदारहरु र गलत गर्नेको कारण दल बदनाम भएकोमा गल्ती देख्ने तर केवल दलको बदनाम मात्र नहोस् भनेर पनि गलतको पक्षमा उभिएको ठूलो दलीय सेनाजस्तो जत्था देखिएको छ ।

विडम्बना, हामी अचम्मका लाल बुझक्कड भएका छौं, गफ मात्र ज्यादा गर्न रुचाउने पनि भएका छौं । फिनल्यान्डमा गएका एक विद्वान र संविधानको बारेमा दखल राख्ने नेपाली नागरिकले त्यहाँको संविधान पढेछन् । त्यसपछि त्यहाँका संविधानका ज्ञातालाई भनेछन्, 'तपाईंहरु यति विकसित र पढेका भएर पनि किन सक्रिय राजतन्त्र नै भएको देखिने संविधानलाई राख्नुहुन्छ, किन बदल्नुहुन्न ?' उनले त्यो व्यवस्था संसोधन गर्न पर्ने हो भन्ने जिज्ञासा पनि राखेछन् । त्यहाँका विद्वानले राजालाई त्यो अधिकार दिए पनि यहाँका राजा एक्लै साइकल लिएर तरकारी किन्न जान्छन् । उनले त्यो व्यवस्थाको दुरुपयोग गर्नै सक्दैनन् । दुरुपयोग गरेको दिनमा उनी मात्र समाप्त हुँदैनन्, बरु राजसंस्था नै खत्तम हुन सक्छ भनेछन् । उनका अनुसार जनता सचेत छन्, केवल राष्ट्रियताको सवालमा मात्र उनले बोल्छन् र केही गर्दछन् भने जनताले बुझ्छन् र सहयोग गर्छन् । त्यस्तो विकसित देशमा पनि नेताहरुबाट राष्ट्रियताको बारेमा ध्यान जाँदैन कि भन्ने शंका रहेछ र राजा चाहँदा रहेछन् ।

कतिपय देशमा र विशेषतः गरिब देशहरुमा राजा नभएमा देशलाई नै कमजोर बनाएर भए पनि पद र पैसाको लागि विदेशको प्रभावमा नै राजनीति गरेको देखिन्छ । ती देशहरुमा नेताहरुका राष्ट्रियताको बखान केवल राजनीतिको लक्ष्य पूरा गर्ने माध्यम बन्ने गरेका छन् । राजा देशमा हुँदा कमसे कम पद र पैसाको लागि देशलाई नै कमजोर बनाउँदैनन् भन्ने सत्यलाई कतिपय पश्चिमा राष्ट्रहरुले पनि आत्मसात् गरेको देखियो । अर्कोतर्फ केही दलका नेताहरुको ताबेदारी गरेको देखिने केही कथित महान् विद्वानहरुले नेपालको विकास नहुनुको ऐनाजस्तो प्रस्ट कारणलाई अन्यत्र मोड्न प्रयास गरेका छन् ।

नेपालमा रहेको वर्गीय समस्या विकास नहुनुको एक कारण हो भनिने गरेको छ । के अमेरिका, बेलायत, जापानमा वर्ग छैन ? त्यहाँ किन विकास भएको हो ? वर्गीय समस्या देशको समस्या भएकोमा विवाद छैन तर यसै कारणले देशमा प्रगति नभएको भन्ने कुरा सत्य होइन । गाईवस्तुहरु पालन नामको किताबमा जनावर पनि दुई किसिमका हुन्छन् र ती फरक जनावरहरुबीच समानता हुन्छ तर दुई थरी जनावरबीच होइन भन्ने देखाइएको छ । संसारमा वर्ग मेटिएको छैन । केवल कतै-कतै रहेको वर्गलाई कागजमा लुकाउने गरिएको मात्र हो । वर्ग सामाजिक अन्याय हो र अन्त्य पनि हुनै पर्छ तर यसले विकास र आधारभूत आवश्यकता पूरा गर्न रोक्दैन । सबै सिद्धान्तको प्रयोगमा केही वा धेरै भिन्नता हुनु अलग विशेषता हो ।

नेपालमा पितृ सत्ताबाट समस्या भएको र विकास नभएको पनि देखाउने गरिएको छ । पितृ सत्ता नेपाली समाजको साह्रै ठूलो र समाधान हुनै पर्ने रोग हो । अहिले छोरीहरुलाई जन्मघरमा छोरासरह अंश पाउनु राम्रो फड्को हो । तर बुहारीहरुले किन हो किन, सम्बन्ध विच्छेदमा ज्यादा चाख राख्नु अप्ठेरो हो । नेपालमा मात्र हैन, भारतमा पनि यो समस्या छ । चीनमा समेत लगभग ७५ वर्षमा एकजना पनि महिला राष्ट्रपति बन्न सकेनन् । भारतमा बने भन्ने हो भने वर्गीय कारण भन्ने र चीनमा बनेनन् भन्ने हो भने पुरुष र महिलामा विभेद छैन, पुरुष बनेर के फरक पऱ्यो र भन्ने गरिन्छ, के चीन र उत्तर कोरियामा महिला राष्ट्रपति बन्न यति लामो समयसम्म पनि अयोग्य नै हुन् ? अचानक नै भए पनि त्यहाँ महिला किन राष्ट्रपति नबनेको ? नेपालमा महिलाको समानताको लागि भनेर सशस्त्र हिंसात्मक गतिविधि चलाउने माओवादी पार्टीका नेता प्रचण्ड धेरै पटक प्रधानमन्त्री बने, बन्दुक बोक्न र विचार दिन सक्ने महिला प्रशस्तै थिए त । प्रधानमन्त्री, पार्टीको अध्यक्ष दिँदा कसले रोक्थ्यो ? समावेशी र समानुपातिक भनेको देखाउने दाँत हो भन्ने देखिएन र ? आफैँ समस्या छ भन्ने आफैँ समाधानमा नलाग्ने । यो कस्तो हो ? पण्डितले किताबका माछा नखाने भनेको हो, बाहिरका माछा त खान हुन्छ भनेजस्तो भएन ? भारतमा सिलाङ अर्थात् अहिलेको मेघालयमा पुरुष विवाह गरेर महिलाको घरमा जान्छन्, त्यहाँ त सबै समस्या सामाधान हुन पर्ने, किन भनिएको ?

अर्कोतर्फ उत्पीडितहरुको कारणले पनि देश माथि नगएको भन्ने गरिन्छ । अमेरिकामा उत्पीडित भनिने कालाहरु १५ प्रतिशतभन्दा ज्यादा छन्, त्यहाँ किन विकास भएको हो ? कि सबै समस्याको कारण देखाएर र उदाहरण दिएर हुन्छ ? नेपाल उदाहरण दिनको लागि मात्र बनेको देश हो ? कस्तोसम्म धारणा राख्छन् भने- एकपटक नेपालमा संसद्मा कुटाकुट, कुर्सी हानाहान आदि भयो । किन यस्तो गरेका भन्दा जापानमा संसद्मा नै अण्डा फालेको देखाएर त्यति ठूलो लोकतन्त्रमा त त्यस्तो हुन्छ, हाम्रोमा किन नहुने ? भनेर गल्ती गर्नेहरुले ठूला हौं भन्ने देखाउन खोजे, हनुमानहरुले ताली बजाए । जापानको विकास पनि त गरेर देखाए भयो नि । विकास त अरु देशहरुले गर्दा नदेख्ने र केही गलत भएको मात्र देख्ने सबै दलका हावादारी गफ पनि सुन्न पाइरहिन्छ र पाइएला पनि ।

विदेशीहरुको कारण पनि देशमा विकास नभएको भन्ने विद्वान छन् । विदेशसँग नजोडिएको देश टापु देशबाहेक कुन छ ? टापुमा पनि विदेशीले प्रभाव पार्न सक्छन् ।

अब प्रत्यक्ष निर्वाचित राष्ट्रपति वा प्रधानमन्त्री नभएर समस्या भएको भन्ने आवाज सुनिन थालेको छ । यो पूरा भएपछि पनि सिद्धान्त ज्यादा जानेकाहरुले अरु कुनै नयाँ व्यवस्थालाई रोज्न बाँकी नभएकोले कुनै कुरा देखाएर यस्तो भएको हो भन्ने दोष दिनेछन् नै । हिन्दु राष्ट्र भएर देशको विकास नभएको समेत भनेर पनि धर्मनिरपेक्ष बनाइयो । अब मुसलमान राष्ट्र, कृश्चियन राष्ट्र, यहुदी धर्मको राष्ट्र चाहिन्छ आदि भन्ने कुनै आल्टुफाल्टु आयो भने के गर्ने हो ? सचेत होऔँ ।

रोजगारी हुने ग्यारेन्टी दिने हो भने यो देशको जनसंख्याको कति प्रतिशत अमेरिकामा जान पाए भने जालान् ? त्यति बेला यो देश कस्तो होला ? कसको होला ? कि यो अमेरिकाको दलाल हो भनेर यो लेखकलाई नै आरोप लगाएर देश सप्रने हो कि ?

नेपाल समस्याको चाङ हो । यस देशलाई समस्यामा न्याक्ने भनेका यसै देशका नेता र राजनीति गर्नेहरु हुन् । उनीहरुको पछि लाग्ने विद्वान भाटहरु पनि हुन् । कर्मचारीहरुको पनि भूमिका छ । नेताहरुलाई दलीय संगठन बनाएर गलत गर्न सिकाउने र मिलिभगत गर्ने कर्मचारी नै हुन् भन्न के गाह्रो छ ? देशको दूध, टमाटर आदि फाल्ने अवस्था ल्याउने मात्र हैन देशमा फलेका कागती, मासु, तरकारी, खाद्यान्नको बजार व्यवस्थापन नगर्ने र विदेशीको लागि सजिलो बनाउने कार्य भएको छ ।

आफू गल्ती गर्ने र विदेशीका सामु त्वं शरणम् भन्ने अनि उनीहरुलाई नै दोष दिने ? कस्तो विडम्बना ! देशका तमाम समस्याको कारण केलाउन सबै तयार छन् । कहिले संविधानलाई त कहिले राजालाई अनि कहिले अर्को पार्टीलाई दोष दिइयो । साथै समानुपातिक प्रतिनिधित्व नभएको भनेर पनि दोष दिइयो । प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र, संघीयता नभएर देशमा राम्रो भएन पनि भनियो । अहिले सबै आयो त !

यसको दोष सत्तामा रहनेहरुमा जाँदैन ? प्रहरी, सेना, शिक्षकसमेतका कर्मचारीको संख्या बढाएर रोजगारी दिने तर उचित परिणाम आउँदै नआउने अवस्था ठीक कि युवाहरुलाई फलफूल, माछामासु, तरकारी, खाद्यान्न उत्पादन गर्न सब्सिडिटी दिने र बजार व्यवस्थापन तथा बिमा गरेर विकास र उत्पादनमूलक कार्यमा लगाउने भन्ने सोच्न कसले कसलाई रोकेको छ ? अहिले त पालिकाका प्रमुखलाई पट्याएर कमिसनमा मिलिभगत गरी बजेटको ३० प्रतिशतसम्म दुरुपयोग कर्मचारी र पालिका प्रमुखहरुले गर्न सक्छन् भन्ने गरिन्छ । अर्को चुनाव जित्न नपरेका र नपाउनेहरुले त जे पनि गर्न तयार हुने गरेको पनि सुनिन्छ ।

सामान्य किसिमले पूरा गर्न सकिने कार्य नगरेर पनि देशमा आधा समस्या भोग्नुपरेको छ । तर सिद्धान्तनिष्ठहरुलाई राष्ट्रपतिको प्रत्यक्ष निर्वाचन नभएकोले, वर्ग भएकोले, पितृसत्ता तथा जातीयता भएको आदि कारणले देशको विकास नभएको भन्न परेको छ । यो समस्या हो तर यो समस्या विकासको ठूलो बाधक होइन, जति ठूला बाधक जनताले विश्वास गरेका नेता र दलहरु छन् ।

सबै रोजगारीहरुमा तलबको समानता, स्वआर्जनमा सब्सिडी र बजार व्यवस्थापन, गफ हैन काम गर्ने र दलका पछि लाग्ने होइन, क्षमता हुनेहरुको हातमा देश हुने हो भने देश दश वर्षमा नै सिंगापुर हुन सक्छ । तर सिंगापुर, स्विट्जरल्यान्डका उदाहरणहरु त बदनाम नै भए । दश वर्षमा देशलाई माथि नै पुऱ्याउने सपना देखाउने धेरै नेता र दलहरु दश वर्षभन्दा ज्यादा सत्तामा बसे । अझै दश वर्ष भन्न लाज मान्दैनन् । किनकि उनीहरुसँग गलत बोल्दा पनि हो हो भन्दै पछि लाग्ने दलाल, भाट, काम नगरी खान पल्केका जमातहरु छन् । बुद्धि भ्रष्ट भएका मतलाई गलत ठाउँमा लग्ने पैसाखोरहरु छन् ।

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक



# कलाकार तथा साहित्यकार डा.केबि पौडेलको अमूल्य योगदान



*काठमाडौं- चर्चित कलाकार तथा साहित्यकार डा.केबि पौडेल नेपाली कला र भाषा साहित्यको क्षेत्रमा एक प्रख्यात र प्रतिभाशाली व्यक्तित्वका रूपमा परिचित छन् । सृजनशीलताको हिसाबले निकै अब्बल मानिने उनी नेपाली समाजका लागि एक अपरिहार्य व्यक्तित्व हुन् । उनको कला र लेखनले नेपाली समाज र संस्कृतिमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ भने समाजसेवाको क्षेत्रमा अन्तर्राष्ट्रिय सामाजिक संस्था लायन्स क्लब अफ काठमाडौं लङबुद्दका थड भिपि समेत हुन साथै विश्वभर सेवाको भावमा आफूलाई सेवा भावमा लिन गराइ चिनाइरहेका छन् ।*

*नेपाली भाषा साहित्य क्षेत्रमा विश्व नेपाली साहित्य महासघं विश्व केन्द्रीय समितिका आर्थिक सचिव समेत रहेका छन् जुन संस्था विश्व भर सत्तरि भन्दा बढि शाखाहरु समेत रहेका छन् भने भाषा साहित्यको श्रीवृद्धिका लागि महत्त्वपूर्ण योगदान पुऱ्याइरहेको संस्था हो ।*

*लोकप्रिय नाम बनाइसकेका डा। के बि पौडेल लामो समयदेखि अभिनयमा पनि सक्रिय छन् । जसले दर्जनौं टेलि सिरियल ,लघु चलचित्र तथा निकै वटा म्युजिक भिडियोमा समेत अभिनय गरिसकेका छन् पारिवारिकतावाद माथि उठेका र समाजका लागि केही न केही नयाँ कुरा दिन चाहने स्वभावका उनी समाजमा सकारात्मक परिवर्तन ल्याउने काम गरेका छन् ।*

*भाषा साहित्य क्षेत्रमा पौडेलको उत्तिकै महत्त्वपूर्ण योगदान देखिन्छ । उनले भर्खरै मात्रै एउटा कृति प्रकाशित गरेका छन् जसको नाम हो " मेरो कथा" यश कृतिमा उनले आज सम्म आफूले भोगेका वास्तविक भोगाइलाई सरल सहज भाषाशैलिको प्रयोग गरी प्रकाशन गरेका छन्*

*जुन पुस्तकको विमोचन होटेल आनन्द पशुपतिमा हालका प्रधानमन्त्री के पी शर्मा ओलीको हातबाट विमोचन गराएका थिए । त्यो पनि अन्तर्राष्ट्रिय विश्व साहित्य सम्मेलनको दिन जहाँ हजारौँ मान्छेको उपस्थिति रहेको थियो ।*

*धनकुटाको महालक्ष्मी नगरपालिका वडा नं । २ मा माता मैना देवी पौडेल र पिता ज्ञान बहादुर पौडेलको कोखबाट जन्मिएका डा। के बि पौडेल हाल नेपाली समाजमा एक लोकप्रिय साहित्यकार र कलाकारका रूपमा परिचित छन् ।*

*डा. के बि पौडेलले आ□नो सिर्जनात्मकता र लेखन मार्फत नेपाली साहित्य र कलाकारिता क्षेत्रलाई नयाँ आयाम दिएका छन् । उनको काममा सामाजिक, सांस्कृतिक, र ऐतिहासिक परिप्रेक्ष्यलाई समेटेर गहिरो सन्देश दिएको पाइन्छ । कला र साहित्यसँगै सन्देश प्रवाह गर्ने क्षमता भएका पौडेलले नेपाली समाजका विविध पाटोलाई प्रभावकारी तरिकाले प्रस्तुत गरेका छन् ।*

*अभिनेता, लेखक, र कविको रूपमा उनको योगदान नेपाली रचनात्मक क्षेत्रमा अमूल्य रहेको छ, जसले नेपाली कला र साहित्यलाई एक नयाँ दिशा र उचाइमा पुऱ्याएको छ । डा. के बि पौडेलको सृजनशीलता र प्रतिबद्धताले नेपाली कला र साहित्यको समृद्धिमा ठुलो भूमिका खेलेको छ । उनै प्रतिभाका धनी डा।के बि पनैडेलसँग जनआकाश मिडियाका संवाददाता विनोद कार्कीले गरेको कुराकानी हामीले यस अंकमा यसरी प्रस्तुत गरेका छौँ ।*

**आजभोली केमा व्यस्त हुनुहुन्छ ?**

आजभोलि म विभिन्न क्षेत्रमा व्यस्त रहन्छु । व्यवसाय, सिरियल, सर्ट मुभि र साहित्यका क्षेत्रमा पनि काम गर्दै छु । यी सबै काममा मेरो ध्यान र ऊर्जा केन्द्रित छ । साथै, घर परिवारलाई पनि समय दिन्छु। म विभिन्न सामाजिक संस्थामा पनि आवद्ध छु, जसमा केही साहित्यिक कार्यक्रमहरू भइरहन्छन् । यी सबै कामसँगै म आफूलाई एकदमै व्यस्त राख्न राख्छु । मलाई लाग्छ, जब व्यक्ति आफूलाई व्यस्त राख्छ, तब जीवनमा एक प्रकारको सफलता पाउँछ । त्यसैले, आजभोलि मेरो जीवन साँच्चिकै व्यस्त छ, र यस व्यस्ततामा म आफैलाई खुसी महसुस गर्दछु ।

**पछिल्लो समय कलाकारिता क्षेत्रको अवस्था कस्तो छ ?**

पछिल्लो समय कलाकारिता क्षेत्र निकै परिवर्तनशील र नाजुक अवस्थामा पुगेको छ । पहिलाको जस्तो कलाकारको मान्यता पनि छैन अब त दर्शकले कलाकार चिन्नै छाडिसके सबै जना कलाकार भए टिकटकले गर्दा । त्यसैले अहिले कलाकारको महत्त्व घट्यो । सामाजिक सञ्जाल टिकटकले गर्दा पुराना कलाकारको मान्यता पहिलाको जस्तो छैन । राम्रो गर्ने, नगर्ने सबै कलाकार भए, सबै निर्देशक भए अब हेर्ने भन्दानी बनाउने धेरै भए । जमाना परिवर्तन भयो कलाकारले कलाकारलाई नचिन्ने समय आइसक्यो पछिल्लो समय हेर्ने हो भने कलाकारिता क्षेत्रको अवस्था दयनीय छ ।

**जन आकाश मिडियाले निर्माण गरेको सङ्गीत खबर कार्यक्रम कतिको हेर्नु हुन्छ ?**

जन आकाश मिडियाले निर्माण गरेको सङ्गीत खबर कार्यक्रम प्रतिभाको चौतारीको साँझ थलो हो जस्तो लाग्छ मलाई । यहाँ, देशभरिका विभिन्न जिल्लाबाट आएका प्रतिभाहरू आफ्नो कला देखाउन आउँछन्, र आफ्ना मनका कुराहरू सुनाउँछन् । र यसले कलाकार हरूलाई आफ्नो विचार र भावना प्रकट गर्ने अवसर पनि दिन्छ । म यो कार्यक्रम हेर्ने गर्छु, र मलाई यो कार्यक्रम निकै प्रभावशाली लाग्छ ।

सामान्यतया, सबै मिडियाले आफ्नो कार्यक्रम चलाउँछन्, तर जन आकाश मिडियाले प्रस्तुत गरेको कार्यक्रम केही फरक र विशेष छ । मैले यो कार्यक्रमलाई सधैं हेर्ने गरेको छु र यसको सफलताको लागि जन आकाश मिडियालाई शुभकामना पनि दिन चाहन्छु ।

# रामेछाप डायरी

## रामेछाप अस्पतालको आयोजनामा सडक दुर्घटना सम्बन्धी कृत्रिम अभ्यास

रामेछापमा सडक दुर्घटना सम्बन्धी कृत्रिम अभ्यास गरिएको छ । सडक दुघटनाबाट हुने मानवीय क्षति कम गर्न मंगलबार रामेछापमा पूर्व अभ्यास गरिएको हो ।अभ्यासमा रामेछाप नगरपालिका-८ टुँडीखेल नजिकै यात्रु बाहक बस दुर्घटना भएको थियो । दुर्घटनामा परी मृत्यु भएकाको शव र घाइतेहरूलाई सुरक्षाकर्मी, स्वास्थ्यकर्मीहरूको टोलीले उद्धार गरी उपचार तथा आवश्यक व्यवस्थापन गरिएको थियो ।

उद्धारमा नेपाली सेना, नेपाल प्रहरी,रेडक्रसका प्रतिनिधीहरुको सक्रियता रहेको थियो । कृत्रिम अभ्यासको मुख्य उद्धेश्य कुनै सडक दुर्घटना भइहालेमा उद्धार र उपचारलाई कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने रहेको अस्पतालका निमित्त मेडिकल सुपरिटेण्डेन्ट डा. केशव श्रेष्ठले बताउनुभयो ।

विपद् कुनै पनि समयमा आउन सक्ने भएकाले सुरक्षाकर्मी तथा उद्धारमा संलग्न सुरक्षा निकाय र घाइतेहरुको उपचारमा संलग्न चिकित्सकलाई तयारी अवस्थामा राख्न पूर्व अभ्यास गराइएको उहाँले बताउनुभयो । रामेछाप नगरपालिका प्रमुख लवश्री न्यौपानेले जुनसुकै समयमा विपद्का घटना हुने भएकाले सम्बन्धित निकाय सदैव तयारी अवस्थामा रहनुपर्ने बताउनुभयो ।




कुनै पनि विपद्का घटना थाहा दिएर तथा बाजा बजाएर नआउने भएकाले यस्ता अभ्यासको ठुलो महत्त्व रहेको उहाँको भनाई छ । आकस्मिक तरिकाले गरिएको कृतिम अभ्यासलाई हेर्दा रामेछाप अस्पतालको सेवा सुविधा राम्रो रहेको पाईएको उहाँले बताउनुभयो । उहाँले अस्पतालले घाइते विरामीहरुलाई गर्ने रेस्पोन्स,सेवा सुविधा तथा उपचार राम्रो पाईएको नगर प्रमुख न्यौपानेले बताउनुभयो । घटना अभ्यासका बारेमा घटना व्यवस्थापनमा संलग्न विरामीहरुको अभिनय आर.बि.पी डब्लुका कलाकारहरुले निर्वाह गरेका थिए ।

## रामेछाप नगरपालिकाका मेलमिलापकर्ताहरुका लागि पुनर्ताजगी तालिम



रामेछापको रामेछाप नगरपालिकामा मेलमिलापकर्ताहरूका लागि पुनर्ताजगी तालिम सुरु भएको छ । सोमबार बाट सुरु भएको तालिम नगरपालिकाका उपप्रमुख एवं न्यायिक समितिका संयोजक बाल कुमारी कार्कीको अध्यक्षतामा भएको हो ।

उक्त कार्यक्रममा बोल्नुहुँदै उपप्रमुख कार्कीले यस प्रकारको तालिमले दक्ष मेलमिलापकर्ता उत्पादनमा सहयोग पुग्ने बताउनुभयो । आगामी दिनमा पनि तालिमलाई निरन्तरता दिइने उहाँले बताउनुभयो । न्यायिक समितिका आएको उजुरीको निष्पक्ष भएर सुनुवाइ गरेको समेत उहाँले बताउनुभयो ।

गाउँमा मेलमिलापकर्ता तथा दक्ष जनशक्ति उत्पादन गरी न्यायिक कार्यलाई छिटो छरितो सम्पादन गर्न मेलमिलापमा जोड दिइने उहाँले बताउनुभयो । रामेछाप नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत भोला प्रसाद चापागाईले मेलमिलापकर्ताहरूको क्षमता विकास गर्ने कार्यक्रमहरू गर्न,कार्यालय व्यवस्थापन गर्न नगरपालिकाले काम गरेको र थप सहयोगहरु चाहिए नगरले गर्ने बताउनुभयो ।

प्रशिक्षकहरूले सिकाएका कुरा व्यवहार मा उतार्न सके मात्र तालिमको सार्थकता रहने भन्दै सिकेका कुरा व्यवहारमा उतार्न उहाँले मेलमिलापकर्तालाई आग्रह गर्नुभयो ।

तालिममा न्यायिक समितिमा आउने समस्याहरू,वादविवाद,मुद्दाहरू लगायतका विषयहरूमा कसरी छलफल गर्ने ?,मेलमिलापकर्ताको भूमिका, न्यायिक समिति, मेलमिलाप समितिको काम, कर्तव्य र अधिकारका विषयमा प्रशिक्षक हिमाल ढुंगेलले प्रशिक्षण दिनुहुनेछ ।

तालिममा फिराद लेखन, प्रहरी , प्रशासन र अदालतको काम लगायत विषयमा पनि जानकारी गराईने नगरपालिकाका कानूनी सल्लाहकार लोकहरि दाहालले बताउनुभयो । यो तालिम ३ दिनसम्म संचालन हुने उहाँले जानकारी दिनुभयो ।


# नेपाल आइपुगे ब्रायन लारा लेजेण्डरी क्रिकेटर

काठमाडौं- विश्व चर्चित क्रिकेटर ब्रायन लारा नेपाल आइपुगेका छन् । उनी शुक्रबार बिहान नेपाल आइपुगेका हुन् । उनलाई क्यान पदाधिकारीले त्रिभुवन विमानस्थलमा स्वागत गरे ।

उनी काठमाडौंमा जारी नेपाल प्रिमियर लिग (एनपीएल) हेर्न नेपाल आएका हुन् । छोरीसहित नेपाल आएका लारा ३ दिन नेपाल बस्नेछन् ।

वेस्ट इन्डिजका क्रिकेट खेलाडफ लारा टेस्ट क्रिकेट सर्वाधिक चर्चित छन् । टेस्ट क्रिकेटमा एकै इनिङमा नटआउट ४ सय रन बनाउने कीर्तिमान छ ।

५५ वर्षे लाराले ओडीआई र टेस्ट क्रिकेट दुवैमा १० हजारभन्दा बढी रन बनाएका छन् ।



यसअघि उनले गतवर्ष नेपाली क्रिकेट टोली टी( २०) विश्वकपमा छनोट हुँदा बधाइ दिँदै उनले आफू नेपाल आउन चाहेको बताएका थिए ।

नेपाल विश्वकपमा छनोट भएको केही समयपछि एक नेपाली क्रिकेट फ्यानसँगको ट्वीट सम्वादमा उनले नेपाली टोलीको प्रशंसा गरेका थिए ।

त्यसपछि उनले ट्वीट गर्दै नेपाली टोलीको खेल चमत्कारिक रहेको भन्दै बर्मुडामा खेल हेर्दा नै आफू प्रभावित भएको बताएका थिए ।

लाराले वेस्टइन्डिजका लागि १३१ टेस्टमा झण्डै १२ हजार रन बनाएका छन् भने २९९ ओडिआई खेल्दा १० हजारभन्दा धेरै रन बनाएका छन् ।

उनले वेस्टइन्डिजका लागि सन् २००४ को च्याम्पियन्स ट्रफी समेत जितेका छन् । उनी क्रिकेट जगतमा ‘द प्रिन्स’ उपनामले परिचित छन् ।

# कुखुरा पालेर १ लाख ५० हजार बचत गर्दै

बागलुङ- बागलुङ नगरपालिका-७ कालिमाटीको ग्रिन ल्याण्ड बहुउद्देश्यीय कृषि फार्ममा पाँच हजार कुखुरा पालेर यहाँका एक उद्यमीले मासिक रु १ लाख ५० हजार बचत गर्दै आएका छन् ।

स्थानीय ओमराज शर्माले सञ्चालन गरेको कुखुरा फार्मबाट दैनिक पाँच हजार अण्डाको बजारीकरण भइरहेको छ । बाह्र बर्ष कतार बसेर फर्किएका शर्माले कुखुरापालनमा आम्दानी र जोखिम बराबर रहेको बताए ।

“तीन हजार कुखुरा पाल्दै आएको थिएँ, हाल थप दुई हजारले अण्डा दिन सुरु गरेका छन्, दैनिक पाँच हजार अण्डा बजार बेच्ने गरेको छु”, उद्यमी शर्माले भने । एक करोड ५० लाख लागतमा फार्म स्थापना गरी सञ्चालनमा ल्याएको बताउँदै उनले अण्डाको बजारीकरणका लागि बागलुङ

बजारमा डिपो, एउटा पिकअप जिप र चार जनालाई प्रत्यक्ष रोजगारी दिएका छन् । फार्मको कमाइबाट आफू सन्तुष्ट रहेको बताउँदै अहिले कर्मचारीलाई तलब खर्च कटाए मासिक रु एक लाख ५० हजार बचत हुने गरेको उद्यमी शर्माले बताए ।

अण्डा बिक्रीका लागि बजार अभाव नभएको बताउँदै बाहिरबाट



आउने अण्डाका कारण मूल्य भने अस्थिर हुने गरेको उनले बताए । किसानलाई स्थानीय सरकारले प्राविधिक सहयोग गर्नुपर्नेमा उनले जोड दिए । कुखुरापालनभन्दा गाईबाखा पाल्न सहज हुने उनको अनुभव छ । त्यसैले अब उनी व्यावसायिक रूपमा गाई र बाखापालनको योजनामा छन् ।

# प्रभु स्टील्स एण्ड हाईड्रो इन्भेष्टमेण्ट कम्पनी लिमिटेड र कुमारी क्यापिटल लिमिटेडबीच सम्झौता




काठमाडौं- प्रभु स्टील्स एण्ड हाईड्रो इन्भेष्टमेण्ट कम्पनी लिमिटेडको रु. ९८ करोड बराबरको IPO निष्काशन गर्ने कार्य अगाडी बढेको छ ।

प्रभु ग्रुप्स एण्ड कम्पनीज् अर्न्तगतका विभिन्न कम्पनीहरुको मुख्य लगानीमा स्थापित प्रभु स्टील्स एण्ड हाईड्रो इन्भेष्टमेण्ट कम्पनी लिमिटेड र कुमारी क्यापिटल बीच आज शेयर निष्काशन गर्न सम्पूर्ण कार्य गर्ने गरी सम्झौता सम्पन्न भएको छ ।

यस कम्पनीमा प्रभु केवलकार एण्ड टुरिजम लिमिटेड, प्रभु होल्डिङ्गस् एण्ड हाईड्रो डेभलपमेन्ट कम्पनी लिमिटेड र हाईड्रो होल्डिङ्गस् एण्ड पावर डेभलपमेन्ट कम्पनी लिमिटेडको मुख्य लगानी रहेको छ ।

कम्पनीले जलविद्युत, कृषि, पर्यटन, विभिन्न उत्पादन मुलक उद्योग र साहासिक पर्यटनमा लगानी गर्दछ । दोस्रो बजारमा समेत यस कम्पनीको राम्रो उपस्थिति रहेको छ । यस कम्पनीको मुख्य उद्देश्य लगानी मूलक हो । यस कम्पनीले हाईड्रो पावरको विभिन्न संरचनामा चाहिने मसिनहरु आयात गरि भण्डारण गर्ने र जलविद्युत कम्पनीलाई सप्लाई गर्ने उद्देश्यले पर्सा जिल्लाको वीरगंज महानगरपालिका वडा नं. ३१ मा यसै आ.व.मा ३ (तीन) विगाह जमिन समेत खरिद गरेको छ ।

यस कम्पनीको लिबर्टी इनर्जी कम्पनी लिमिटेड र बुटवलको फुलबारी पार्क देउराली डाँडा स्थित सञ्चालनमा आई सकेको भगवान गौतम बुद्धको कुलगुरु ऋषि कालदेवलको आश्रम एवं नुवाकोट गढी जाने सिद्धार्थ केवलकार लिमिटेडमा समेत ठूलो लगानी रहेको छ । यस कम्पनीले निष्काशन पछि आउने रकमले जलविद्युत क्षेत्रमा आक्रामक ढंगले लगानी विस्तार गर्ने उद्देश्य लिएको छ ।

यस इन्भेष्टमेण्ट कम्पनीले बडीमालिका केवलकार, ईच्छाकामना केवलकार र प्रभु जलविद्युत विकास कम्पनीमा समेत लगानी गर्ने प्रतिवद्धता गरेको छ । यस कम्पनीको २ अर्ब ५ करोडको अधिकृत पूँजी रहेको छ भने जारी पूँजी २ अर्ब रहेको छ ।

कम्पनीको हाल १ अर्ब २ करोड संस्थापक समूहको चुक्ता पूँजी छ र IPO बाट आउने सर्वसाधारण समूहको ९८ करोड गरि कम्पनीको २ अर्ब पूँजी पुग्नेछ । कम्पनीले जारी गर्ने शेयर प्रति कित्ता रु. ५० दरको १,९६,००,००० कित्ता हुनेछ । यो कम्पनी गत २ वर्षदेखि संचालन मुनाफामा रहेको छ ।

# इसेवा महा–उत्सव बम्पर उपहार विजेता घोषणा: रवि बम्जनले जिते NAMMI कार




काठमाडौं- इसेवाले चाडपर्वको अवसरमा ग्राहकलाई थप हर्सौल्लास प्रदान गर्ने उद्देश्यले आयोजना गरेको इसेवा महा-उत्सवको बम्पर उपहारको घोषणा गरेको छ ।

फेसबुक मार्फत लाइभ लक्की ड्र मा मकवानपुर निवासी रवि बम्जनले NAMMI को इलेक्ट्रिक कार जित्न सफल भएका छन् । पुल्चोक, ललितपुर स्थित एलिस कन्फरेन्समा आज एक औपचारिक कार्यक्रमको आयोजना गरी बम्पर उपहार विजेताको घोषणा गरिएको हो ।

इसेवाका कार्यकारी अधिकृतहरु, प्रेस प्रतिनिधि, सेलिब्रिटीहरू र कन्टेन्ट क्रियटरहरूको उपस्थितिमा फेसबुक लाइभ मार्फत इसेवा महा-उत्सवको बम्पर उपहार विजेता छनौट गरेको हो । सदिक्षा श्रेष्ठद्वारा उद्घोषित कार्यक्रम इसेवाका ब्राण्ड प्रवर्द्धकको रुपमा रहेका नेपाली क्रिकेट टोलीका कप्तान रोहित कुमार पौडेल, राष्ट्रिय ब्याडमिन्टन खेलाडी प्रिन्स दाहाल, तथा हाँस्यव्यङ्ग्य कलाकार सुमन कार्कीको प्रमुख अतिथ्यमा सम्पन्न भएको थियो ।

२०८१ साल आश्विन १ देखि कार्तिक ३० गते सम्म चलेको इसेवा महा-उत्सव नेपालीहरुको महान चाड दशैं, तिहार तथा छठ पर्वको अवसरमा प्रयोगकर्ताहरुमा थप उत्साह प्रदान गर्ने उद्देश्यले आयोजना गरिएको थियो । यस महा-उत्सवमा दैनिक फ्ल्यास सेल, रील प्रतियोगिता देखि ६५ इन्चको टिभी, ष्उजयलभ ज्ञट, ष्उजयलभ ज्ञट उचय जस्ता मेगा उपहारहरुका साथै बम्परमा NAMMI को इलेक्ट्रिक कार जित्ने मौका पनि समावेश थियो ।

इसेवा महा-उत्सवमा सहभागी भई NAMMI कार जित्नका लागि इसेवा मार्फत आश्विन १ देखि कार्तिक ३० भित्र कुनै पनि कारोबार गर्नुपर्ने थियो भने यसैगरी, रु.१०० को खेल खेल्ने प्रयोगकर्ताहरूलाई ष्उजयलभ ज्ञट जित्ने मौका र बिजुली बिल, खानेपानी, टिभी, आदि जस्ता घरायसी बिल भुक्तानी गर्दा ६५ इन्चको टिभी जित्न मौका थियो ।

इसेवा महा-उत्सवको अधिकांश विजेताहरूको घोषणा इसेवाको फेसबुक पेजमा फेसबुक लाइभ मार्फत भइसेको छ भने बाँकी पुरस्कार विजेताहरु पनि फेसबुक लाइभ मार्फत नै चयन गरिनेछ ।

सरोज कुमार पाण्डे र अविन गुरूअचार्यले रु. १०० को खेलमा ष्उजयलभ ज्ञट जित्न सफल भएका थिए भने अनिल चालिसे, दिपक महतो र अनिल सिंहले इसेवा टिकटक प्रतियोगितामा सहभागी भई क्रमशः रु. ५०,०००, रु. २५,००० र रु. १५,००० हात पारेका थिए ।

# राजविराज विमानस्थलमा रात्रिकालीन उडान सुरु, बुद्ध एयरले थाल्यो व्यावसायिक उडान



राजविराज- सप्तरीको राजविराज विमानस्थलमा सोमबारदेखि औपचारिक रूपमा रात्रिकालीन उडान अवतरणको सुरुवात भएको छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले एक कार्यक्रमका बीच रात्रिकालीन उडान अवतरण तथा एयरफिल्ड लाइटिङ सिस्टमको उद्घाटन गरेका हुन् ।

बुद्ध एयरले गत शुक्रबार इन्स्ट्रुमेन्ट फ्लाइट ल्यान्डिङ रुल्स (आइएफआर) का लागि आवश्यक अप्रोच लाइटलगायतको परीक्षण गरेको थियो ।

परीक्षण सफल भएपछि शुक्रबारबाट राजविराज विमानस्थलमा रात्रिकालीन तथा कम भिजिबिलिटीमा पनि उडान हुन सुरु भएको हो ।

राजविराज विमानस्थलमा यसअघि बुद्ध एयरले दिउँसोको समयमा दैनिक एउटा उडान गरिरहेको थियो । बुद्ध एयरले सोमबारबाट नै राजविराज विमानस्थलमा रात्रिकालीन व्यावसायिक उडान पनि सुरु गरेको छ । यात्रुसहित बुद्धको विमान राजविराज विमानस्थलमा अवतरण गरेको थियो ।

उद्घाटन कार्यक्रममा मन्त्री पाण्डेले छायामा रहेको यस विमानस्थल पहिलो पटक रात्रिकालीन उडान सुरु भएको बताए । यसले पर्यटनको ढोका खोलेको उनले बताए । यसले अन्य धेरै क्षेत्र प्रभाव पार्ने उनको भनाइ थियो ।

सो क्रममा जनमत पार्टीका अध्यक्ष सीके राउतले राजविराज विमानस्थलबाट नियमित उडानका निम्ति आफूले सुरुदेखि नै पहल गरेको बताए । सप्तरीको पर्यटन विकासमा यसले सहयोग गर्ने उनले बताए ।

यसअघि यस विमानस्थलमा भीएफआर प्रविधिबाट मात्र उडान अवतरण हुँदा ५ हजार मिटरको भिजिबिलिटीको आवश्यकता पर्थ्यो । आइएफआरको सुरुवात भएसँगै दुई हजार

» बाकी ६ पृष्ठमा

# नबिल बैंकको ४०औं वार्षिक साधारणसभा सम्पन्न

काठमाडौं- नबिल बैंक लिमिटेडले १० प्रतिशत नगद लाभांश पारित गरेको छ । बिहीबार बैंकका अध्यक्ष उपेन्द्र प्रसाद पौडेलको अध्यक्षतामा सम्पन्न बैंकको ४० औं वार्षिक साधारणसभाले शेयरधनीका नगद लाभांश पारित गरेको हो ।

साधारणसभाले सञ्चालक समितिको सिफारिस र नेपाल राष्ट्र बैंकको स्वीकृति पश्चात् आर्थिक वर्ष २०८०/८१ सम्मको सञ्चित मुनाफाबाट शेयरधनीलाई १० प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको हो । समीक्षा वर्ष २०८०/८१ मा बैंकले ६ अर्ब २० करोड रुपैयाँ खुद मुनाफा आर्जन गरेको थियो ।

गत आर्थिक वर्षको तुलनामा बैंकको निक्षेप दायित्वमा ६६ अर्ब १० करोड रुपैयाँ अर्थात् १६.४१ प्रतिशतले वृद्धि भई ४ खर्ब ६८ अर्ब ७९ करोड रुपैयाँ पुगेको छ भने कर्जा तथा सापटी ४६ अर्ब ३२ करोड अर्थात् १३.६५ प्रतिशत वृद्धि भई ३ खर्ब ८५ अर्ब ७२ करोड रुपैयाँ पुगेको छ । समग्रमा आ.व. २०८०/८१ मा बैंकको वासलातको आकार १५.७६ प्रतिशतले वृद्धि भई ५ खर्ब ५७ अर्ब ०२ करोड पुगेको हो ।

त्यस्तै, साधारण सभाले सञ्चालक समितिमा अनन्त पौड्याल र प्रविन टिवडेवालालाई निर्विरोध निर्वाचित गरेको छ । बैंकको सञ्चालक समितिमा सर्वसाधारण शेयरधनी समूहको प्रतिनिधित्व गर्ने दुई सञ्चालक पदका लागि भएको निर्वाचनमा पौड्याल र टिवडेवाला निर्विरोध निर्वाचित भएका हुन् ।

साधारण सभालाई सम्बोधन गर्दै अध्यक्ष पौडेलले बैंकले संस्थागत सुशासन र ग्राहक सन्तुष्टिलाई उच्च प्राथमिकतामा राख्दै आफ्नो बैकिङ सेवालाई आधुनिकीकरण तथा विस्तार गर्दै आएको बताए । बैंकले समुन्नत देश, समाज, शेयरधनी, ग्राहक, नियमनकारी निकाय, कर्मचारी लगायतका विभिन्न सरोकारवालाहरूको अधिकार र चासोको कदर गर्दै अत्यन्त सजग र सन्तुलित व्यवहारमा विश्वास राखेर कार्य गर्दै आएको र सामाजिक उत्तरदायित्वमा पनि बैंक सक्रिय रहेको पौडेलले बताए ।

नबिलले विगतका वर्षहरूमा बाँडफाँड गरेको नगद लाभांश, बजार पुँजीकरण र जेथामा भएको अभिवृद्धिलाई दृष्टिगत गर्दा, शेयरधनीहरूले बैंकमा सुरु लगानी गर्दाको स्थापनाकालको चुक्ता पुँजी हालसम्म ९६० गुणाले वृद्धि भएको छ ।

यसले 'क' वर्गका बैंकहरूमध्ये नबिल बैंकले नेपालको अग्रणी वाणिज्य बैंकका रूपमा आफ्नो पहिचानलाई निरन्तरता दिन सफल भएको देखिन्छ । बैंकले विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्मानहरू प्राप्त गरेको छ, जसले यसको उत्कृष्टता र समर्पणलाई प्रमाणित गरेको संकेत गर्छ ।

बैंकले गत वर्ष नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थाबाट नेशनल बेस्ट प्रेजेन्टेड एन्युअल रिपोर्ट (गोल्ड अवार्ड), साउथ एसियन फेडरेशन अफ एकाउन्टेन्ट्सबाट मेरिट सर्टिफिकेट (बेस्ट प्रेजेन्टेड एन्युअल रिपोर्ट) लगायतका सम्मानहरू पनि प्राप्त गरेको छ । त्यस्तै गरि नबिल




बैंकले यो वर्ष आर्थिक वर्ष २०७९/८० मा सबैभन्दा बढी कर तिर्ने बैंकका रूपमा सम्मानित भएको छ । यो सहित बैंकले वित्तीय संस्था र बिमा कारोबार क्षेत्रका तर्फ आठौं पटक यो सम्मान प्राप्त गर्न सफल भएको हो ।

नबिलले देशभर २६८ शाखा सञ्जालसहित ३२० एटिएम मेसिनबाट सेवा प्रदान गर्दै आएको छ । बैंकले २४ लाखभन्दा बढी ग्राहकलाई बैंकिङ सेवा प्रदान गर्दै आफ्ना सबै सरोकारवालासँग मिलेर सँगै अघि बढ्ने विश्वास राखेको छ । चार दशकदेखि गुणस्तरीय बैंकिङ सेवा प्रदान गर्दै आएको नबिल बैंकले पछिल्लो समयमा दिगो बैंकिङको अवधारणालाई आत्मसाथ गर्दै डिजिटल बैंकिङका लागि एनबैंक सञ्चालनमा ल्याएको छ ।

नबिल बैंक परिवारले साधारणसभा समयमै सम्पन्न गर्न सहयोग गर्ने शेयरधनी, नियामक निकाय, ग्राहक वर्ग, बैंकका कर्मचारी र अन्य सम्बद्ध निकायहरूप्रति आभार व्यक्त गरेको छ ।

# बैंक र संस्थागत निक्षेपकर्ता लगानी गर्ने ठाउँ खोज्दै, सरकारी ऋणपत्रमा पाँच गुणासम्म आवेदन




काठमाडौं- बैंक तथा वित्तीय संस्थाहरुमा रहेको अधिक तरलता र घट्दो ब्याजदरका कारण सरकारले सार्वजनिक जारी गर्ने ऋणपत्रमा मागभन्दा धेरै आवेदन पर्न थालेको छ । विकास ऋणपत्रमा तीन गुणा र ट्रेजरी बिल्समा ५ गुणासम्म आवेदन परेको छ ।

सरकारले चालु आर्थिक वर्ष ३ खर्ब ३० अर्ब रुपैयाँ आन्तिरक ऋण उठाउने लक्ष्य लिएकामा अहिलेसम्म १ खर्ब ६४ अर्ब रुपैयाँ उठाएको छ । सरकारले ट्रेजरी बिल्स र विकास ऋणपत्रमार्फत ऋण उठाएको हो ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले पछिल्लो पटक मंसिर १२ गते १० अर्बको विकास ऋणपत्र जारी गर्दा ३२ अर्ब ६७ करोड रुपैयाँको आवेदन परेको थियो । त्यसैगरी मंसिर २३ गते ट्रेजरी बिल्सबाट ५ अर्ब उठाउन खोज्दा २५ अर्ब २३ करोडको आवेदन परेको थियो ।

कार्यालय प्रमुख अमृत लम्सालले पछिल्लो समय ऋणपत्रमा आवेदन धेरै पर्न थालेको बताए । 'बजारमा अहिले अधिक तरलता छ । लगानी विस्तार हुन सकिरहेको छैन । सायद यही कारण होला, सरकारी ऋणपत्रमा माग गरेभन्दा धेरै आवेदन पर्न थालेको छ,' उनले भने ।

पछिल्लो १४ महिनादेखि बैंक तथा वित्तीय संस्थाहरुले निक्षेपको ब्याजदर घटाउँदै आइरहेका छन् । मंसिरमा बैंक तथा वित्तीय संस्थाहरुमा निक्षेपको औसत ब्याजदर ५ प्रतिशत छ । संस्थागत निक्षेपकर्ताले ट्रेजरी बिल्समा लगानी बढाउन थालेका छन् ।

कर्मचारी सञ्चय कोषका प्रवक्ता दामोदरप्रसाद सुवेदी बैंकको ब्याजदर निरन्तर ओरालो लागेका कारण छोटो समयका लागि ट्रेजरी बिल्समा लगानी गर्न थालेको बताउँछन् ।

'बैंकहरुले ६ महिना कम अवधिका लागि निक्षेप लिंदैनन् । यता तीन महिनाका लागि समेत लगानी गर्न सकिन्छ,' उनले भने, 'बैंकको घटेको ब्याजदर लामो समयमा लागि निक्षेप राख्नुभन्दा छोटो अवधिका लागि ट्रेजरीमा लगानी गर्नु उपयुक्त ठानेका छौं ।'

पछिल्लो तीन महिनामा कर्मचारी सञ्चय कोषको मुद्दती निक्षेप ३२ करोड २५ लाख रुपैयाँले खुम्चिएको छ । अन्य क्षेत्रमा पैसा हाल्न सरकारले सुरक्षित लगानीको प्रत्याभूति नगरेको कोषको गुनासो छ ।

नेपाल राष्ट्र बैंक कार्यकारी निर्देशक तथा मौद्रिक व्यवस्थापन विभाग प्रमुख पिताम्बर भण्डारी ब्याजदर घट्दा पनि कर्जाको माग नबढेका कारण सरकारी ऋणपत्रमा माग गरेभन्दा धेरै आवेदन पर्न थालेको बताउँछन् ।

'सरकारी ऋणपत्रमा मागभन्दा बढी आवेदन पर्नु राम्रो हो । बैंकहरुले ब्याजदर घटाउँदै आइरहेको बेलामा सरकारी ऋणपत्रमा लगानी गर्दा बढी ब्याज पाउनुका साथै लिकुडीटी पनि म्यानेज गर्न मद्त पुग्छ,' उनले भने, 'बैंकहरुमा धेरै तरलता थुप्रिएन भने ब्याजदर पनि धेरै भोलाटाइल हुँदैन ।'

राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक लक्ष्मीप्रपन्न निरौला बैंकिङ प्रणालीमा तरलता थुप्रिए पनि ऋणको माग नरहेका कारण सरकारी ऋणपत्रमा आवेदन बढेको बताउँछन् ।

'पछिल्लो एक डेढ वर्षयता आर्थिक गतिविधि सुस्त हुँदा बैंकिङ प्रणालीमा तरलता थुप्रिएको छ । आर्थिक गतिविधिलाई सपोर्ट गर्ने निर्माण क्षेत्र चलायमान नहुँदा बैंकमा पैसा थुप्रिएको हो । तत्कालै सुधार भइहाल्ने संकेत पनि छैन । लगानी गर्ने ठाउँ नभएपछि बैंक तथा वित्तीय संस्था र संस्थागत निक्षेपकर्ता सरकारी ऋणपत्रमा जान थालेका हुन्,' निरौलाले भने ।

नागरिक बचतपत्र र वैदेशिक बचतपत्रमा भने आवेदन न्यून छ । चालु आर्थिक वर्ष सरकारले २ अर्बको नागरिक बचतपत्र र ५० करोडको वैदेशिक रोजगार पत्रमा आवेदन मागेको छ ।

'नागरिक बचतपत्रमा ५० प्रतिशत रकम बराबर आवेदन परेको छ । तर वैदेशिक बचतपत्रमा आकर्षण नै देखिंदैन,' लम्सालले भने, 'म्याद बाँकी रहेकाले नागरिक बचतपत्रमा पूरै रकमका लागि आवेदन पर्ने विपश्वास छ । तर वैदेशिक बचतपत्र पूरै बिक्री हुन्छ भन्न सकिने अवस्था छैन ।'

ती दुवै बचतपत्रमा आवेदन भर्ने म्याद पुस १४ सम्म छ । नागरिक बचतपत्र र वैदेशिक बचतपत्रमा आकर्षण नदेखिएपछि अहिले अनलाइनमार्फत आवेदन दिन पाउने व्यवस्था गरिएको छ ।

सरकारले जारी गर्ने ट्रेजरी बिल्स र विकास ऋणपत्रमा संस्थाले लगानी गर्न पाउँछन् । नागिरक बचतपत्र र वैदेशिक बचतपत्रमा व्यक्तिले मात्र लगानी गर्न पाउँछन् ।

अहिले बैंकहरुमा साधारण बचतको ब्याजदर ३ प्रतिशत र मुद्दती निक्षेपको ब्याजदर ५/६ प्रतिशतमा झरेको छ । तर नागरिक बचतपत्रमा साढे ७ प्रतिशत र वैदेशिक रोजगारपत्रमा साढे ८ प्रतिशत ब्याज पाइन्छ ।

# खेलकुद

## हेटौंडामा प्रदेश लिग फुटबल हुने




मकवानपुर – दोस्रो संस्करणको वाग्मती प्रदेश लिग फुटबल प्रतियोगिता हेटौंडामा हुने भएको छ । प्रतियोगिता हेटौंडा-५ स्थित पिप्लेक्याम्पा रंगशालामा पुस १० देखि हुनेछ ।

११ जिल्लाका लिग च्याम्पियन क्लबको सहभागिता रहने आयोजक वाग्मती प्रदेश फुटबल संघले मंगलबार पत्रकार सम्मेलन गर्दै तयारी विषयमा जानकारी दिइएको हो । ‘प्रतियोगिताको तयारी पूरा भएको छ । हामी मैदानको स्तरोन्नति गर्ने, खेल र खेलाडीलाई व्यवस्थापन कार्यमा जुटेका छौं,’ एन्फा सदस्य टीकाराम लामाले भने ।

लिगमा पदमपोखरी युवा क्लब (मकवानपुर), बीएफसी (चितवन), धुनिबेसी युथ समाज (धादिङ), बट्टार युथ क्लब (नुवाकोट), चित्लाङ फुटबल क्लब (काठमाडौं), थिमी युथ क्लब (भक्तपुर), माउण्ट एभरेस्ट एफसी (काभ्रे), चौतारा स्पोर्टिङ (सिन्धुपाल्चोक), टाइगर टिम (दोलखा), ब्लु अल्पाइन (सिन्धुली) र ललितपुर क्लबको सहभागिता हुनेछ ।

लिगकम नकआउट आधारमा हुने प्रतियोगिताको फाइनलमा पुग्ने दुई टोलीले अखिल नेपाल फुटबल संघ (एन्फा) ले आयोजना गर्ने राष्ट्रिय फुटबल लिगमा सहभागिता जनाउने मौका प्राप्त गर्ने आयोजक संघका कार्यबाहक अध्यक्ष राजीव बस्नेतले बताए ।

## हिमरश्मिको जितमा भलिबल सुरू

काठमाडौं- आयोजक हिमरश्मि नीलोले प्रथम हिमरश्मि कप यू-१९ कलेज/स्कुल उपत्यकाव्यापी छात्र भलिबल प्रतियोगितामा विजयी सुरुआत गरेको छ ।

तार्केश्वर नगरपालिका-९ स्थित घरेलु कोर्टमा हिमरश्मिले गणेश कलेजलाई २५-१२, २५-२१ को सोझो सेटमा हरायो । हिमरश्मि रातोले पनि दुई खेल खेलेकामा दुवैमा हार बेहोर्‍यो । ओरियन्टसँग २५-२१, १८-२५, १५-११ र एनआर कलेजसँग २५-२०, २०-२५, १५-६ ले पराजित भयो ।

अन्य खेलमा गीताञ्जलीले कालीदेवी माविलाई २८-२६, २५-१४, ग्रामीण मल्टिपल क्याम्पसले ग्रामसेवालाई २५-२१, २५-१९ ले, जय मल्टिपल क्याम्पसले पासाङ ल्हामुलाई २५-११, २५-१७ ले, लालीगुराँसले प्रारम्भलाई २१-२५, २५-२१, १५-९ र न्युटनले चाणक्यलाई



२५-१६, २५-१२ले हराए ।

प्रतियोगिताको तार्केश्वर नगरपालिकाका मेयर कृष्णहरि महर्जनले उद्घाटन गरे । शीर्ष तीन स्थानमा रहने टिमले क्रमश: २५ हजार, १५ हजार र ५ हजार पुरस्कार प्राप्त गर्ने हिमरश्मिका संस्थापक प्रिन्सिपल लोकेन्द्रबहादुर खड्काले जनाएका छन् । लिगकम नकआउटमा हुने स्पर्धामा २१ टिम प्रतिस्पर्धी छन् ।

# दैलेखका नगेन्द्र खड्काको लोभलाग्दो तरकारी खेती

**■ बिनोद नेपाली**

काठमाडौं- दैलेख जिल्ला चामुण्डा विन्द्रासैनी नगरपालिका ९ का ५० वर्षीय नगेन्द्र खड्कालाई । उनी गाउँमै व्यावसायिक सागसब्जीखेतीबाट वार्षिक ६ लाख रुपैयाँसम्म आम्दानी गर्छन् ।

गाउँका अधिकांश पुरुष रोजगारीका लागि मुग्लान र खाडी मुलुकमा गइरहँदा उनले गाउँमा नै तरकारी व्यवसाय गरेर आम्दानी गरेका छन् ।

नगेन्द्रले छोराको नाममा ‘सागर कृषि तथा पशुपक्षी फार्म’ दर्ता गरी ६ रोपनीमा व्यावसायिक सागसब्जी खेती गरेका छन् ।

सिमी, काँक्रा, चिचिण्डो लगायत बीउ खड्का आफैं उत्पादन गर्छन् । ‘हाइब्रिड जातको बीउ भने पसलबाट खरिद गर्छु । फागुन चैतमा मात्र २५ हजार बराबरको चिचिण्डो का बेर्ना बिक्री गरें’, उनले भने, ‘म तरकारी कहिले बिक्री हुन्छ भन्ने बुझेर उत्पादन गर्छु, यसपालि २०० बोट काउली र त्यही अनुपातमा बन्दा लगाएको छु, राम्रै फलेको छ ।’

ठूला दुईवटा टनेलमा छ क्विन्टलजति गोलभेंडा तयार छन् । एउटा बोटमा तीन चार केजीसम्म गोलभेंडा फलेको खड्काले जानकारी दिए । उनले भने, ‘भर्खरै मात्र दुई हजार पाँच रुपैयाँमा टमाटर बेचेर आएँ । अग्रयानिक टमाटर हो यो, ६० रुपैयाँ प्रतिकेजीमा बिक्री भइरहेको छ ।’

कृषिसम्बन्धी तालिम लिएका खड्का घरमै कीटनाशक औषधि बनाउँछन् । मैले अहिलेसम्म तरकारीमा विषादी हालेको छैन । उनले भने, ‘अर्ग्यानिक मल नै फालाफाल छ । बजारिया मल किन किन्नु, माटो बिगार्छ ।’ श्रीमती खजुराले दुई भैंसी, एक हल गोरु र केही बाखा पालेर सघाएकी छन् । चार सन्तानमध्ये जेठी छोरीको विवाह भइसक्यो । जेठाले १२ पास गरेर गाउँमै व्यापार गरिबसेका छन् । एक छोराले भर्खरै १८ महिने भेटेनरी कोर्स पूरा गरे । छोरीले १२ कक्षा पास गरेकी छिन् । ‘छोराछोरीलाई यतिसम्मको शिक्षादीक्षा मैले तरकारी बेचेरै दिएको छु,’ उनले भने ।



तरकारीखेतीका लागि खड्कालाई सिँचाइको समस्या छ । एकपटक सेवक नामक संस्थाले उनलाई पाल दिएको थियो । पालको छानो राखी उनले बारीनजिकै पोखरी बताएका छन् । वरपर पानीको ठूलो मुहान नभएकाले सिँचाइको समस्या अझै छ ।

पालिकामा तरकारी संकलन केन्द्र नहुँदा डोकोमा तरकारी बोकेर बिक्रीका लागि जम्बुकाँध बजार धाउनु उनको दिनचर्या नै बनेको छ ।

दिनरात तरकारीबारीमा खटिएर उब्जाएको तरकारी बेच्न वरपर ठूलो बजार छैन । डौंसुर, बिन्द्रासैनी, जम्बुकाँधलगायत स्थानीय बजारका खुद्रा पसलमा डोकोमा तरकारी बोकेर पुऱ्याउँछन् ।

‘एकपटक ५५ केजी लिएर गएको छु, बिक्रीपछि मात्र थाहा भयो उनी भन्छन् बुढो मुन्छे डोको बोक्दा-बोक्दा थाप्लोका रौं गइसके । केटाकेटीले बोकेर लगिदिन्नन् उनि भन्छन् ।

‘गाउँले एफएम दाइ’ भनेर चिन्छन्

२०५८ सालतिर, डौंसुरमा खड्का सानो खुद्रा पसल थियो । पसलमा रेडियोबाट दैनिक समाचार सुन्नु र पसलमा सामान किन्न आएका मानिसलाई समाचार सुनाउनु उनको दैनिकजस्तै थियो । त्यतिवेला माओवादी सशस्त्र द्वन्द्व उत्कर्षमा थियो । समाचारप्रति स्थानीयको चासो बढी थियो । रेडियो नेपाल, माओवादीले सञ्चालन गरेको रेडियो, नेपालगञ्जको वागीश्वरी एफएम, कैलाली टीकापुरको फूलबारी एफएम आदिबाट बज्ने समाचार गाउँलाई चर्को ‘भोल्युम’मा सुनाउने गरेको उनका छिमेकी बताउँछन् ।

आज यो ठाउँमा यस्तो भिडन्त भयो । यति जनाको मृत्यु भयो । यति जना घाइते भए भनेर सबैलाई भन्थे । त्यहीबेला माओवादीकै ‘रिवल’ले उनको नाम ‘गाउँले एफएम दाइ’ भनेर राखिदिए । त्यतिबेलादेखि उनी ‘एफएम दाइ’ नामले परिचित छन् ।

लोकगीत र देउडामा रुचि उत्तिकै छ उनमा । केही वर्षअघिसम्म दैलेख, सुर्खेतबाट प्रसारण हुने धेरैजसो रेडियो कार्यक्रममा बोल्ने, गाउने गर्थे । गाउँले लबज र प्रष्ट आवाजमा गीत गाउने उनी स्रोतामाझ ‘नगेन्द्र खड्का गाउँले एफएम’ नामले चर्चित छन् । अझै पनि उनको घरको बाहिर रेडियो झुण्डिएको हुन्छ । रेडियो सुन्दै बारीमा काम गर्छन् ।

कुनै बेला रेडियोप्रेमी खड्का हिजोआज टिकटकतिर मोडिएका छन् । कृषिबारे जानकारीमूलक भिडियो बनाएर टिकटकमा शेयर गर्छन् ।

कक्षा ३ सम्म अध्ययन गरेका नगेन्द्र गाउँका अन्य किसानलाई तरकारी कसरी लगाउने ज्ञान बाँड्छन् । खड्का चामुण्डा विन्द्रासैनी नगरपालिकाबाट पुरस्कृत पनि भएका छन् । उनको यो कृषि पेशाले नेपालमा नि केही गर्न सकिन्छ । भन्ने उदारण रहेको छ दैलेखमा ।

# राजस्व संकलन र पूँजीगत खर्चमा सुधार : अर्थमन्त्री पौडेल



काठमाडौं- उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले सरकारले अर्थतन्त्रलाई चलायमान बनाउन गरेको प्रयासले अर्थतन्त्रका सूचकहरु ओरालो लाग्ने क्रम रोकिएको बताएका छन् ।

सोमबार अर्थमन्त्रालयमा नेपाल आर्थिक पत्रकार संघ (नाफिज)को नवनिर्वाचित कार्यसमितिलाई बधाई तथा शुभकामना दिँदै अर्थमन्त्री पौडेलले अर्थतन्त्रका सूचक चलायमान बन्नेक्रम बढेको बताएका हुन् ।

अर्थमन्त्री पौडेलले वर्तमान सरकारले अर्थतन्त्रमा देखिएका समस्या र चुनौती समाधानको लागि निरन्तर प्रयासरत रहेको उल्लेख गर्दै पछिल्लो समय अर्थतन्त्रका अधिकांश सूचकहरु सकारात्मक दिशामा फर्किएको बताए । उनले भने, ‘अर्थतन्त्रका सकारात्मक सूचकहरुलाई नकारात्मक बन्न नदिई लिएको आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न सक्छौं । मूल्यवृद्धिलाई सिमाभित्र राख्न सफल भएका छौं ।’

सरकारले अर्थतन्त्रका समस्यालाई सुक्ष्म ढङ्गले विश्लेषण गरी समाधानका लागि एक-एक कदमहरु चाल्दै गएको समेत अर्थमन्त्री पौडेलको भनाई छ । उनले अर्थतन्त्रमा देखिएका पछिल्ला सकारात्मक सूचकहरु सरकारको कामको परिमाण भएको समेत दाबी गरे ।

‘बैंकको ब्याजदर एकल अंकमा आउन सम्भव थिएन,’ उनले थपे, ‘ब्याजदर एकल अंकमा ल्याउनका लागि सरकारले केही काम गरेको छ ।’

गत वर्ष आर्थिक वर्षको चार महिनामा ३ प्रतिशत वृद्धि भएको राजश्व संकलन दर चालु आर्थिक वर्षको सोही अवधिमा १७ प्रतिशत पुगेको छ । अर्थतन्त्र सुधार गर्ने पृष्ठभूमिमा धेरै काम भएपछि पूँजीगत खर्चको दायरा समेत बढेको छ । यी सबै वर्तमान सरकारको कामको प्रतिफल भएको उनको भनाई छ ।

उनले सरकारले मुलुकभित्र लगानीको वातावरण बनाउने र बैंकको निक्षेपलाई लगानीमा रुपान्तरण गर्ने, अन्तर्राष्ट्रिय लगानी भित्र्याउने, रोजगारी सिर्जना गर्ने र व्यवसायीहरुको मनोबल उच्चरुपमा बढाउने विषयमा बढी केन्द्रित भएर काम गरिरहेको बताए ।

अर्थमन्त्री पौडेलले समग्र अर्थतन्त्रलाई गतिशिल बनाउने, उत्पादन,उत्पादकत्व वृद्धि गर्ने र रोजगारी अभिवृद्धि गर्ने उदेश्यमा अर्थतन्त्रका सकारात्मक सूचकहरुलाई सदुपयोग गरेर जानु पर्नेमा जोड दिए ।

# सिरक डसना बनाएर मासिक डेढ लाख कमाउँछन् सर्लाहीका मोहमद

बरहथवा- सर्लाहीको हरिपुर नगरपालिका-५ लक्ष्मीपुरका ६५ वर्षीय मोहमद रफिकलाई पछिल्ला दिनमा सिरक डसना बनाउन भ्याइनभ्याइ भएको छ ।

सिरक डसना बनाउने पेसाले मनग्य आम्दानी हुने गरेको उनले बताए । रफिकका दुई छोरा सोही काममा वैदेशिक रोजगारीमा छन् । उनको एक छोरा ट्र्याक्टरमा पुरानो लुगा पेलेर सिरक डसना बनाउने काम गर्दै विभिन्न स्थान पुग्ने गरेका छन् । मोहमद भने गाउँ तथा नजिकैको बजार क्षेत्रमा सिरक डस्ना बनाउने काम गर्छन् ।

यस कामबाट आम्दानी राम्रो हुने गरेको हरिपुर-५ का कालीगढ हसन मन्सुरले बताए । ‘सिरक डसना बनाउने काम परम्परागत हुँदै हामीले सिकेका हौँ’, उनले भने, ‘व्यापारीले काम दिएको बेला बजारतिरै काम गर्छौं । बाँकी समय गाउँगाउँमै पनि पुग्ने गरेका छौँ ।’

धनुषा, पर्सा, काठमाडौँसम्म पुगेर सिरक डसना बनाउने काम गरेको रफिकले बताए । उनका अनुसार एक जना कालीगढले दिनमा सात वटासम्म सिरक वा डसना बनाउन सक्छन् । पसले वा स्थानीयबाट लम्बाइ र चौडाइ हेरेर एउटा सिरक वा डसना बनाएको कम्तीमा रु सात सय ज्याला लिने गरेको उनले बताए ।

सिरक डसना बनाउन सम्पूर्ण सामान साहुले नै उपलब्ध गराइदिन्छन् । कपास फिट्ने लाठी र सियोको भरमा मनग्य आम्दानी गर्ने गरेको मन्सुरको भनाइ छ । जस्तोसुकै भए पनि सीप भएपछि कमाइ गर्न समस्या नहुने उनी बताउँछन् ।



औपचारिक शिक्षा नलिएका तीनै जनाले आफ्ना बुबाबाजेबाट सिकेको सीप लिएर स्वरोजगार बनेको बताए । मेहनत गर्न सक्दा गाउँ ठाउँमै काम पाइने उनको भनाइ थियो ।

यामको तीन-चार महिना कात्तिक, मङ्सिर, पुस र माघसम्म मासिक डेढ लाख रुपैयाँको हाराहारीमा आम्दानी गर्ने गरेको रफिकले बताए । ‘दिनको झण्डै ५ हजार रुपैयाँसम्म आम्दानी हुन्छ’, उनले भने, ‘बिहानैदेखि आँखा देखुञ्जेल काम गर्नुपर्छ ।’

सिरक डसना बनाएर कमाएको आम्दानीले परिवारका सात जनाको भरणपोषण गर्ने गरेको उको भनाइ थियो । ‘अहिले छोराहरू पनि कमाउन जान्छन्, अर्का कालीगढ हाफिज मन्सुले भने, ‘तर, घरमा भएका बुहारी नातिनातिनीहरु सबैको लालनपालन आफैंले गरिरहेको छु ।’ कमाइ नभए कसरी परिवार पाल्नु ?’

हफिजका अनुसार पछिल्लो समय विभिन्न प्रकारका म्याटेसलगायतको बजारले सिरक डसनाको माग कम हुँदै गएको छ ।

यसरी सिरक डसनाको मागसँगै बनाउने पेसासमेत सङ्कटमा पर्दै गएकोमा दुखेसो छ । उनले भने, ‘बजारमा विभिन्न म्याटेस पाहिन्छ । गाउँमा पनि त्यही राख्न थालेका छन् । गाउँगाउँमा ट्र्याक्टरमा उपकरण लिएर हिँड्नेले पुरानो लुगाबाट सिरक डस्ना बनाउन थालेपछि झन कपासको प्रयोग गरेर सिरक डसना बनाउने काम घट्दै गएको छ ।’

प्रत्येक वर्ष चिसो बढ्दै जाँदा जाडोको जोहो न्यानो सिरक डसनाको खपत बढ्ने गर्दछ । यस वर्ष पनि समयमै चिसो सुरु भएकाले जिल्लामा सिरक डसना बनाउने जनशक्तिको चहलपहल बाक्लिनुका साथै बजार पसलका समेत सिरक डसनाको माग बढ्दै गएको सर्लाहीको बरहथवा बजारमा सिरक डस्ना व्यापार गर्नुहुने राम दरेश ठाकुरले बताए ।

# नेपालको संसदीय इतिहासमा पुस १ गते कालो दिन : सभामुख घिमिरे



काठमाडौं- सभामुख देवराज घिमिरेले नेपालको संसदीय इतिहासमा पुस १ गते कालो दिनको रुपमा रहेको बताएका छन् ।

सोमबार काठमाडौंमा 'संसदीय पत्रकारिता अवधारणा र अभ्यास' नामक पुस्तक विमोचन गर्दै सभामुख घिमिरेले यस्तो बताएका हुन् ।

२०१७ साल पुस १ गते जननिर्वाचित संसदलाई भंग गरेर निरकुश पंचायती व्यवस्थाको घोषणा भएको थियो । यसकारण यो दिन नेपालको संसदीय इतिहासमा कालो दिनको रुपमा रहेको सभामुख घिमिरेले बताए ।

'राजाले कू गरेको कालो दिन । त्यो दिन जनताका मौलिक अधिकारहरू सम्पूर्ण रुपमा खोसिएको दिन हो,' सभामुख घिमिरेले २०१७ साल पुस १ गतेको दिनको सम्झना गर्दै भने । संसद सर्वोच्च निकाय भएको र २०१७ सालमा खोसिएको यो व्यवस्था जनताले ३० वर्ष पछि फेरि फर्काएको उनले बताए ।

नेपालमा पञ्चायती व्यवस्था २०१७ साल पुस १ गतेदेखि २०४६ साल चैत २६ गतेसम्म चल्यो । शाही घोषणाबाट निर्वाचित सरकार तथा संसद विघटन गरी निर्दलीय पञ्चायती व्यवस्थाको घोषणा गरिएको थियो । त्यसपछि राजनीतिक दलमाथि प्रतिबन्ध, मुख्य राजनीतिक दलका प्रमुख नेताहरूलाई जेल हालिएको थियो । यसरी सुरु भएको पञ्चायती व्यवस्था हटाउनका लागि विभिन्न राजनीतिक दलहरूले शसस्त्र तथा शान्तिपूर्ण आन्दोलनहरू गरिरहेका थिए ।

२०४६ सालमा संयुक्त जनआन्दोलन भएपछि पञ्चायती व्यवस्था ढल्यो र २०४६ साल चैत २६ गते नेपालमा बहुदलीय व्यवस्थाको घोषणा भएको थियो । त्यसपछि यता नेपाल निरन्तर संसदीय शासन प्रणालीमा छ ।

# बसाइसराइले रित्तियो लिमीको जाङ गाउँ



सिमकोट- यहाँको उत्तरी नाम्खा गाउँपालिका-६ स्थित हिमालपारी भनेर परिचित लिमीको जाङ गाउँ बसाइँसराइले रित्तिएको छ ।

एक वर्षअघि चार घरधुरी रहेको जाङ गाउँ यो वर्ष खाली भएको हो । यस गाउँका स्थानीय भौतिक सुविधाको खोजीमा काठमाडौं, सुर्खेत, नेपालगञ्जलगायतका सहरमा बसाइँसराइ गरेपछि गाउँ रित्तिएको हो ।

यो वर्ष जाङ गाउँमा कोही नभएको तील गाउँका वडा सदस्य तुन्डुप लामाले जानकारी दिए । कोरोनामा बन्द रहेको चीनसँगको हिल्सा नाका खुलेपछि कोही रोजगारीका लागि चीनको ताक्लाकोट पुगेका छन् ।

बढी जसो जाङ गाउँका स्थानीय सिमकोटसहित जिल्ला बाहिर सुविधा सम्पन्न सहरमा बसाइँसराइ गरेर गएको वडा सदस्य लामाले बताए ।

दुई वर्षयता गाउँपालिकाले यहाँका बिरामीको उपचारका लागि बाह्रै महिना लिमी स्वास्थ्य चौकीमा स्वास्थ्यकर्मी खटाएको थियो । हल्जी र तील गाउँका लागि स्वास्थ्य सेवा बाह्रै महिना उपलब्ध गराएको लिमी स्वास्थ्य चौकीका अहेब लोग बोहराले बताए । जाङ गाउँको भृकुटी आधारभूत विद्यालय विद्यार्थी नभएका कारण बन्द भइसकेको छ ।

बसाइँसराइ गरी गाउँ छाड्ने जाङ गाउँमा मात्रै नभएर तील र हल्जीमा पनि बढेको हल्जी गाउँका स्थानीय छिरिङ तुण्डुप लामाले बताए । यो वर्ष तील गाउँमा १५ घरधुरीको मात्रै बसोबास छ । हिउँदमा कोही चिसो छल्न जिल्ला बाहिर गएर वर्षायाममा घर फर्किने गर्छन् । तर, विस्तारै हिउँदमा गाउँ छाडेर जानेहरु बर्सात लागेपछि पनि फर्किन छाडेका छन् ।

यातायात, विद्युत् जस्ता भौतिक सुविधा र गुणस्तरीय स्वास्थ्य , शिक्षालगायतका पहुँचको खोजी गर्दै लिमीका केही गाउँ विस्तारै रित्तिन थालेका हुन् ।

## अन्तराष्ट्रिय

# भानुआतुमा ७.३ म्याग्निच्युडको भूकम्प



पोर्ट भिला- प्रशान्त राष्ट्र भानुआतुमा मंगलबार ७.३ म्याग्निच्युडको भूकम्प गएको छ । भूकम्पले राजधानी पोर्ट भिलामा भवनहरू ध्वस्त भएका छन् र यसमा विदेशी दूतावासहरूले प्रयोग गरेको भवन पनि समावेश छ । एक प्रत्यक्षदर्शीले एएफपीलाई सहरमा शवहरू देखिएको बताए ।

अमेरिकी भूगर्भीय सर्वेक्षणका अनुसार ७.३ म्याग्निच्युडको भूकम्प ५७ किलोमिटरको गहिराइमा भानुआतुको मुख्य टापु एफेटको तटबाट करिब ३० किलोमिटर टाढा स्थानीय समयानुसार दिउँसो १२:४७ बजे गएको थियो ।

केही मिनेटपछि ५.५ म्याग्निच्युडको पराकम्प आएको थियो । त्यसपछि ससाना कम्पनहरू आए । भूकम्पले तीन लाख २० हजार जनसंख्या भएको कम-उचाइको यो द्वीप समूहलाई भूकम्प-संवेदनशील प्रशान्त रिम अफ फायरमा हल्लायो ।

पोर्ट भिलामा अमेरिका, फ्रान्स, बेलायत, अस्ट्रेलिया र न्युजिल्यान्डको कूटनीतिक मिशनद्वारा प्रयोग गरिने चार तले कङ्क्रिट भवनको भुइँ तला पूरै भत्किएको एएफपीका फोटोहरूले देखाएका छन् ।

# दक्षिण कोरियाली राष्ट्रपति विरूद्धको महाभियोगबारे सुनुवाइ सुरु



सोल- दक्षिण कोरियाको संवैधानिक अदालतले राष्ट्रपति युन सुक येओलविरुद्धको महाभियोगबारे सुनुवाइ प्रक्रिया सुरू गरेको छ । सैनिक शासन घोषणा गरेको र देशलाई राजनीतिक उथलपुथलमा डुबाएको आरोपमा कोरियाली संसद्ले गत राष्ट्रपति युनविरुद्ध शनिबार महाभियोग प्रस्ताव पारित गरिसकेको छ ।

संसद्बाट महाभियोग प्रस्ताव पारित भएसँगै निलम्बनमा परेका युनलाई हटाउने वा पुनर्बहाली गर्ने विषयमा ९ सदस्यीय अदालतले निर्णय लिनेछ । त्यसका लागि अदालतसँग अब ६ महिनाको समय बाँकी छ । पद रिक्त भएको खण्डमा भने ६० दिनभित्र नयाँ राष्ट्रपति चयनका लागि चुनाव हुनुपर्ने व्यवस्था छ । त्यतिन्जेलसम्म प्रधानमन्त्रीले अन्तरिम राष्ट्रपतिको भूमिका निर्वाह गर्नेछन् ।

राष्ट्रपति युनले गत डिसेम्बर ३ मा दक्षिण कोरियासँगै विश्व समुदायलाई नै चकित पार्ने गरी सैनिक शासन लागू गरेका थिए । छिमेकी देश उत्तर कोरिया र देशभित्रकै केही विपक्षीबाट राष्ट्रियता खतरामा परेको दाबी गर्दै उनले सैनिक शासन लगाउनुपरेको बताएका थिए ।

राष्ट्रपतिले सैनिक शासन लागू गरेको केही समयमै सेनाले एउटा आदेश जारी गर्दै संसद्का गतिविधि र राजनीतिक प्रदर्शनमा प्रतिबन्ध लगायो । लगत्तै सेना परिचालन भयो । संसद्को तल्लो सदन नेशनल एसेम्ब्लीमा सैनिक र प्रहरी खटिए । केही सैनिक हेलिकोप्टरबाट संसद् भवनको छतमा ओर्लिए ।

# स्कोमा भएको विस्फोटमा रूसी जनरलसहित २ जनाको मृत्यु

काठमाडौँ – रुसको राजधानी मस्कोमा भएको विस्फोटमा एक रुसी जनरलसहित दुई जनाको मृत्यु भएको छ । रुसी समाचार संस्था तासका अनुसार मंगलबार मस्कोमा भएको विस्फोटमा परी 'केमिकल एन्ड बायोलोजिकल प्रोटेक्सन ट्रुप्स' का लेफ्टिनेन्ट जनरल इगोर किरिलोभ र उनका सहयोगीको मृत्यु भएको हो ।

रुसी अधिकारीहरूका अनुसार विद्युतीय स्कुटरमा लुकाएर राखिएको डिभाइस पड्किएको हो । किरिलोभलाई युक्रेनमा रासायनिक हतियार प्रयोगमा नजरअन्दाज गरेको भन्दै बेलायतले प्रतिबन्ध लगाएको थियो ।

# एमालेलाई मीनबहादुर गुरुङबाट जग्गा लिन बाटो खुल्यो



काठमाडौं- सर्वोच्च अदालतले भाटभटेनी डिपार्टमेन्ट स्टोरका सञ्चालक मिनबहादुर गुरुङबाट जग्गादान लिने एमालेको निर्णयलाई सर्वोच्च अदालतले कानूनसम्मत ठह¥याएको छ ।

जग्गादानको घोषणाविरुद्ध दायर भएको रिट निवेदन सर्वोच्च अदालतको संयुक्त इजलासले खारेज गरेको हो ।

न्यायाधीशहरू अब्दुल अजीज मुसलमान र बालकृष्ण ढकालको इजलासले केहीबेरअघि रिट निवेदन खारेज गरेको विवरण सर्वोच्च अदालतले वेबसाइटमा राखेको छ । तर आदेशको विवरण सार्वजनिक भइसकेको छैन ।

'वेबसाइटमा मुद्दाको फैसला भइसकेको अनि रिट निवेदन खारेज भइसकेको भनी विवरण अद्यावधिक भइसकेको छ, अरु विवरण आएको छैन' सर्वोच्च अदालतका प्रवक्ता अच्युत कुँइकेलले अनलाइनखबरसँग भने, 'आदेश वा अरु विवरण आइसकेको छैन । त्यसैले अरु विस्तृत विवरण थाह हुन सकेन ।'

गत दशैंको फुलपातीको दिन भाटभटेनी डिपार्टमेन्ट स्टोरका सञ्चालक मीनबहादुर गुरुङले एमाले केन्द्रिय कार्यालयका लागि जग्गा दान दिने घोषणा गर्दै अर्को वर्षभित्र भवन समेत बनाइदिने घोषणा गरेका थिए ।

कतिपय मुद्दाहरुको सामना गरिरहेका व्यक्तिबाट सत्तारुढ दलले सहयोग लिँदा स्वार्थको द्वन्द्व हुने र त्यसले नीतिगत मामिलामा समेत असर पर्ने भन्दै अधिवक्ता डा. ज्ञानबहादुर बस्नेत लगायतले सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरेका थिए ।

१२ कार्तिकमा सर्वोच्च अदालतले अल्पकालिन अन्तरिम आदेश मार्फत भवन निर्माण प्रक्रिया अघि नबढाउन आदेश दिएको थियो । त्यही मुद्दा पूर्ण सुनुवाईपछि खारेज भएको हो ।

सर्वोच्चको यो फैसलापछि एमालेलाई कानूनी रुपमा जग्गा ग्रहण गर्न र त्यहाँ भवन बनाउन कुनै अड्चन हुने छैन ।

पृष्ठ १ बाट जारी

### राजविराज...

मिटरकै भिजिबिलिटीमा उडान अवतरण सम्भव हुनेछ । त्यस्तै, सर्कलिङ ल्यान्डिङका लागि ३ हजार मिटरको भिजिबिलिटी आवश्यक पर्ने राजविराज विमानस्थलका प्रमुख ध्रुवराज श्रेष्ठले जानकारी दिए ।

आइएफआर सेटेलाइट बेस्ड नेभिगेसन भएको नेपाल नागरिक उड्डयन प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भूलले बताए । यो नन-प्रिसिजन ल्यान्डिङ भएको भन्दै उनले यसले रनवेको दायाँ-बायाँको दुरीलाई देखाउने बताए ।

आइएफआर प्रविधि सुरु भएसँगै अब हिउँदमा कम भिजिबिलिटीका कारण उडान अवतरण ढिले तथा रद्द हुने समस्याबाट यात्रुले राहत पाउने छन् । पर्यटन मन्त्री र प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीसहित यात्रु लिएर बुद्ध एयरको विमान राजविराज विमानस्थलबाट राति सवा ८ बजे काठमाडौंका लागि उडेको थियो ।

अब तीन अन्तर्राष्ट्रियसहित धनगढी, नेपालगञ्ज, सिमरा, जनकपुर, चन्द्रगढी, विराटनगर र राजविराज गरी १० विमानस्थलमा आइएफआर प्रविधिबाट उडान अवतरण हुनेछ ।

राजविराज विमानस्थलमा १५९० मिटरको रनवे छ । काठमाडौंबाट राजविराज ३५ मिनेटको फ्लाइट हो ।

पृष्ठ १ बाट जारी

### शिबिर...

अग्रसरतासँगै, यस शिबिरले स्थानीय समुदायमा स्वास्थ्य सेवाको पहुँचलाई अझ सशक्त बनाउने विश्वास व्यक्त गरिएको छ । शिबिरको अवधिमा हजारौं व्यक्तिहरूले स्वास्थ्य परीक्षण र सल्लाह पनि प्राप्त गर्नेछन् ।

यसले कर्णाली क्षेत्रमा स्वास्थ्य सेवाको पहुँचलाई सुधार गर्ने र दृष्टिहीनता जस्ता समस्याहरूको समाधानमा ठूलो योगदान पुर्याउने अपेक्षा गरिएको छ ।' उहाले बताउनु भयो ।

पृष्ठ १ बाट जारी

### सरकार...

वास्ताविकताको भित्री कुरा नेपाली जनतालाई सधै अन्यौलतामा यस्तै खालका हल्लाको पछि लागुन भन्ने हुन सक्छ । तर नेपाली जनता सचेत छन् । उनिहरुले वास्ताविकता बुझेर मात्र यस्ता कुराहरु पत्याउने हुदा यो सरकार चाढै ढल्ने कुरामा विश्वास गरेको देखिदैन । किनकी औपचारिक रुपमा नेपाली काँग्रेस र एमाले सम्मिलित मिलेर बनेको सरकार सदनमा पुर्ण बहुमतमा छ । यि दुई दलका कुनै पनि औपचारिक व्याक्तित्वहरुले सरकार सञ्चालनमा असन्तुष्टि भएको संकेत कतैपनि आएको छैन । त्यसकारण अन्य पार्टीले चाहेर पनि सरकार परिवर्तन गर्न सक्दैन । विदेशका पुर्व गुप्तचरहरुले भन्दैमा नेपालको सरकार ढल्दैन । त्यसकारण सरकार चाडै ढल्ने भन्ने विषय वास्ताविकता होइन भन्ने धेरैको तर्क छ । सत्य पनि यहि नै होला ।

पृष्ठ १ बाट जारी

### उपसभामुख...

उपसभामुखले कतिपय पत्रकारले राजनीतिक प्रभावमा परेर समाचारको विकृति गर्ने गरेको पनि औंल्याइन् ।

कार्यक्रमको अर्को प्रसङ्गमा उपसभामुख मगरले संघीयताको बहस अझै टुंगोमा पुग्न नसकेको बताइन् । उनले भनिन्, "१० वर्ष भइसक्यो, तर संघीयताका लागि प्रभावकारी नीति र संरचना बनाउन सकिएको छैन । यसरी ठिक वा बेठिक भन्न कसरी मिल्छ ?"

कार्यक्रममा उपसभामुख मगरले पत्रकारिताको दायित्वबारे गहन चर्चा गर्दै पत्रकारहरूले सन्तुलित र जिम्मेवार समाचार सम्प्रेषण गर्नुपर्ने आवश्यकता औंल्याइन् ।

# एक्टिभ म्यूजिक प्रा.लि.को आयोजनामा दोश्रो फेस्टिवल म्युजिक अवार्ड



काठमाडौं- कपन सरस्वती नगर स्थित गोल्डेन पिक हाईस्कुलमा एक्टिभ म्यूजिक प्रा.लि.को आयोजनामा दोश्रो फेस्टिवल म्युजिक अवार्ड २०८१ सम्पन्न भएको छ ।

उक्त कार्यत्रम नेपाल सरकारका पुर्व सांस्कृतिक, पर्यटन तथा नागरिक उड्डयन मन्त्री परशुराम तामाङ वाइबाको प्रमुख आतिथ्यता र एक्टिभ म्यूजिक प्रा.लि.का प्रबन्ध निर्देशक, सर्जक तथा कलाकार बिजेन्द्र नौबागेको सभापतित्वमा अवार्ड कार्यक्रम सम्पन्न भएको हो ।

नव उदयीमान कार्यक्रम उद्घोषक देवेन्द्र शाहीले सन्चालन गरेको अवार्ड बितरण तथा सम्मान कार्यक्रममा बरिष्ठ चलचित्रकर्मी शुभाष प्रसाद गजुरेल, नेपाली चलचित्रका नायक शितल के.सी., लोकप्रिय गायक रुपक डोटेल, गोल्डेन पिक हाई स्कुलका प्रिन्सिपल छत्रमनि राई, दिवाकर भण्डारी (सापटीकाका) लगायतको आतिथ्यता रहेको थियो ।

म्युजिक अवार्ड कार्यक्रमको मुख्य प्रायोजकको रुपमा गरिमा बिकास बैंक लिमिटेड, सुटमाला बागबजार रहेको थियो भने स्टुडियो सपोर्ट काठमाडौं डिजिटल स्टुडियो र मिडिया सपोर्टमा सारा खबर डटकम, तुफान न्युज डटकम, जन आकाश साप्ताहिक र मिलाप न्युज रहेका थिए ।

आयोजकको तर्फबाट प्रायोजकहरुलाई प्रमुख अतिथिबाट सम्मानपत्र दिईएको थियो भने कला सम्मान अन्तरगत बिशिष्ट कलाकार यादव बैरागी, साहित्य सम्मानबाट सुमित्रा भण्डारी, कला सम्मानबाट मोडल धिराज खत्री, मिडियाकर्मी सम्मानबाट डि.बि. पराजुली, युवा व्यवसायी सम्मानबाट राज कार्की, कला सम्मानबाट विनोद कार्की र दिलिप ढकाल, नव प्रतिभा सम्मानबाट देवेन्द्र शाही लाई सम्मान गरिएको थियो ।

कार्यक्रममा नव प्रतिभा कला सम्मान अन्तर्गत किरण तामाङ, हिरा लामा, शन्तोष बराईली, सम्राट तामाङ, नारायण डोटेल र प्रतिमा राई लाई समेत सम्मान पत्र प्रदान गरिएको थियो ।

अवार्ड कार्यक्रमका निर्णयक बरिष्ठ गीतकार प्रकाश सुबेदी, संगीतसंयोजक रिदम कँडेल, गीतकार सामना शाहले प्रदान गरेको नम्बर तथा ई-सेवा मार्फत भोटीङ बाट प्राप्त भोटको आधारमा सर्वोत्कृष्ट चाडपर्व गीत गायक तिलक बस्नेत-गाउँ झैं राम्रो, सर्वोत्कृष्ट चाडपर्व गीत गायीका सुनिता बुढा क्षेत्री - तिहार आयो नाच्न र गाउन, सर्वोत्कृष्ट चाडपर्व गीत शब्द/संगीत कृष्ण श्वर्णकार- मखमली लाइन, सर्वोत्कृष्ट चाडपर्व गीत भिडियो मोडल (पुरुष) दिनेस डागीं-प्रदेशीको घर, सर्वोत्कृष्ट चाडपर्व गीत भिडियो मोडल (महिला) अस्मिता पुरी-झिलीमिली तिहार, सर्वोत्कृष्ट चाडपर्व गीत भिडियो निर्देशक दिपेन्द्र तिमिल्सेना-होलीमा, सर्वोत्कृष्ट चाडपर्व गीत भिडियो छायाङकार केशव अधिकारी खत्री-आउ बुढा नाचम, सर्वोत्कृष्ट चाडपर्व गीत भिडियो सम्पादन ओम प्रसाद प्रसाई-बुझे मैलै, सर्वोत्कृष्ट बाल गायिका मञ्जली तामाङ-रातो साडी, सर्वोत्कृष्ट बाल कलाकार आरिया शाही ठकुरी - रातो साडी, जुरी अवार्ड तुलसा सुनुवार लोक दोहोरी गायीका, पब्लिक च्वाईस अवार्ड भिडियो निर्देशक प्रियजन राई प्रोत्साहन अवार्ड भिडियो मोडल दिपेश एस केले हात पारेका थिए ।

कार्यक्रममा एक्टिभ म्यूजिक प्रा.लि.का प्रबन्ध निर्देशक, सर्जक तथा कलाकार बिजेन्द्र नौबागेले स्वागत मन्तव्य बाट सबैलाई स्वागत गरेका थिए भने बालकलाकार हरुले स्वागत नृत्य, लोक प्रिय गायक तिकल बस्नेतको सांगीतिक प्रस्तुति, चर्चित गायक रुपक डोटेलको शुभकामना मनतव्य रहेको थियो ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि परशुराम तामाङ वाईबाले वास्तबमा भन्नेहो भने यो राज्यले गर्ने काम हो तर यस कम्पनिले गरिरहेकोमा आफु निकै हर्षित भएको बताए । नेपाल सरकारको राज्य मन्त्री भएर यहि बिषयअन्तरगतको मन्त्रालयमा काम गरेकोले यो क्षेत्रको सुधारकोलागि नीतिगतरुपमै सुधार हुनु पर्नेमा वाइबाको जोड थियो ।

राज्यले नहेर्दा सम्म हामिले दिने भनेको सहानुभुती र प्रोत्साहन मात्र हो भन्दै राज्यलाई झक्झक्याउनु हामि सबैको दायीत्व भएको प्रमुख अतिथि वाइबाले बताए ।

व्यस्त समयको बाबजुद कला संस्कार र संकृति संरक्षणको लागि महत्वपुर्ण भुमिका निर्वाह तथा साथ र सहयोग गर्ने सबैप्रति हार्दिक आभार व्यक्त गर्दै कार्यक्रमका सभापति एक्टिभ म्यूजिक प्रा.लि.का प्रबन्ध निर्देशक, सर्जक तथा कलाकार बिजेन्द्र नौबागेले कार्यक्रम समापन गरेका थिए ।

अवार्ड कार्यक्रमको अवसर पारेर आजै काँधैमा राईफल बोलको स्वदेशगानको समेत सार्वजानिक गरिएको थियो ।

# महाशिवरात्रिमा महाभिडन्त : थपियो "फेरि रेशम फिलिली"

हरेक वर्षको महाशिवरात्रिमा नेपाली फिल्महरुबीच महाभिडन्त हुँदै आइरहेको छ । अघिल्लो वर्ष यो पर्वलाई लक्षित गर्दै 'उपहार', 'रंगेली' र 'काँडेतार'बीच त्रिपक्षीय भिडन्त भएको थियो । यसपालि पनि 'हेभिवेट' भिडन्त हुने भएको छ । 'मायावी', 'लाज शरणम्' र 'होस्टेल ३' गरी तीन फिल्मले महाशिवरात्रिलाई प्रदर्शन मिति घोषणा गरिसकेको अवस्थामा अब अर्को फिल्म पनि थपिएको छ ।

आगामी फागुन १४ गते (महाशिवरात्रि)बाट फिल्म 'फेरि रेशम फिलिली' प्रदर्शनमा आउन लागेको हो । बिहीबार प्रदर्शन मिति घोषणा गर्दै फिल्मको फर्स्टलुक पोस्टर पनि सार्वजनिक गरिएको छ । पोस्टरमा फिल्मका मुख्य अभिनेता विनय श्रेष्ठ र अभिनेत्री सुपुष्पा भट्ट प्रस्तुत छन् । विनय ९ वर्षअघिको फिल्म 'रेशम फिलिली'कै लुक्स र गेटअपमा देखिएका छन् ।

सार्वजनिक पोस्टरमा सुपुष्पाले मुस्कुराउँदै हातमा रातो गुलाब लिएकी छन् भने विनयले आकाशतिर हेर्दै हात जोडेका छन् । यसबाट उनीहरुबीचको प्रेम दर्शाउन खोजिएको छ । 'रेशम फिलिली'मा भने विनयको जोडी अभिनेत्री मेनुका प्रधानसँग बाँधिएको थियो । यसपटक फिल्ममा मेनुका दोहोरिएकी छैनन् ।

निरोज महर्जनको निर्देशन रहेको फिल्ममा विनय र सुपुष्पासहित नीर शाह, कामेश्वर चौरासिया, प्रकाश घिमिरे, शिशिर वाङ्गदेल, रविन्द्र झा, लक्ष्मी गिरी, महेश त्रिपाठी, एवनराज उप्रेती, मेक्सम गौडेल, प्रकाश घिमिरे, सजन थापा लगायतको पनि अभिनय छ । 'दिमाग खराब'का निर्माता रौनक विक्रम कँडेलको निर्माण रहेको फिल्मको कार्यकारी निर्मातामा सुरज बम ठकुरी छन् ।

सुसन प्रजापतीको छायांकन, निर्देशक महर्जन र आकाश बरालको पटकथा, नरेश किङ्ग योगीको द्वन्द्व निर्देशन तथा कालीप्रसाद बाँस्कोटा, एसडी योगी, हर्क साउद, जयन जे वाइबा र दीपक शर्माको संगीत रहेको फिल्मलाई यतिबेला सुरेन्द्र पौडेलले सम्पादन गरिरहेका छन् । सिनेमा आर्ट र वि मोसन पिक्चर्सबीच निर्माणमा सहकार्य भएको फिल्मको सह-निर्माताको रुपमा एनी थापा छन् ।

# फिल्म निर्माणमा बढ्यो आकर्षण




कोरोना महामारीअघि फिल्म निर्माण र रिलिज उल्लेख्य रुपमा हुन्थे । वर्षेनि रिलिजको संख्या मात्र एक सय हाराहारी पुग्थ्यो । तर, कोभिडपछि फिल्म निर्माण निकै घट्यो । जसले गर्दा दुई वर्ष त रिलिजको संख्या ५० पनि पुगेन । २०७८ मा १३ र २०७९ मा ४६ फिल्म रिलिज भएका थिए । गत वर्ष रिलिज संख्या ५३ पुगेको थियो । यस वर्ष पनि यही हाराहारीमा फिल्म रिलिज हुने देखिन्छ ।

तर, अर्को वर्ष फिल्म रिलिजको संख्या सय नाघ्ने निश्चित प्रायः छ । किनकि, यतिबेला फिल्म निर्माणमा ठूलो आकर्षण देखिएको छ । यस वर्ष जुन किसिमले एकपछि अर्को नेपाली फिल्मले व्यावसायिक सफलता हासिल गरिरहेका छन्, त्यसले गर्दा निर्माताहरुबीच फिल्मको घोषणा गर्न प्रतिस्पर्धा नै चलिरहेको छ । हरेक हप्ताजस्तो नयाँ फिल्म घोषणा भइरहेका छन् ।

दशैंयता मात्र दुई दर्जन बढी फिल्मको घोषणा भइसकेका छन् । तीमध्ये अधिकांशको छायांकन आगामी माघपछि गरिँदैछ । र, रिलिज अर्को वर्ष हुनेछन् । 'महाभोज', 'हरिबहादुरको जुत्ता', 'ड्यानी डेन्जरस', 'सोल्टिनी', 'खलनायक २', 'परालको आगो', 'दशमी', 'डिएनए', 'फनफनी घुमेर', 'माग्ने राजा', 'पीआर', 'कल्ली', 'पहाड', 'मायाका रंगहरु', 'जन्ते बाख्रो', 'अज्ञात', 'मोहर', 'महाराजधिराज' जस्ता फिल्म छायांकनमा निस्किने अन्तिम तयारीमा छन् ।

त्यस्तै, 'मन विनाको धन ठूलो कि धन विनाको मन', 'सिलसिला २', 'सत्यवीर', 'बरिष्ठ बलराम', 'श्रीमान श्रीमती', 'कुस्ती', 'बडादशैं' जस्ता फिल्म पनि यसै वर्ष निर्माण हुँदैछन् । रामबाबु गुरुङ, प्रदीप भट्टराई, अशोक शर्मा, विराज भट्ट, आर्यन सिग्देल, प्रियंका कार्की, ज्ञानेन्द्र देउजा, उपेन्द्र सुब्बा लगायत पनि अर्को वर्ष रिलिजको लक्ष्यसहित फिल्म बनाउने तयारीमा रहेको बुझिएको छ ।

यीबाहेक चैतसम्म थप एक दर्जन फिल्म घोषणा हुनसक्ने आँकलन गरिएको छ । र, ती सबै फिल्म निर्माण भएको खण्डमा रिलिज अर्को वर्ष हुनेछन् । त्यसमा हाल छायांकन भइरहेका र छायांकन सकिएका केही फिल्म पनि थपिने निश्चित छ । त्यो हुँदा अर्को वर्ष रिलिजको संख्या त बढ्ने छ नै, भिडन्त पनि ठूलै देखिन सक्छ । सम्भवतः सोलो रिलिज कुनै फिल्मले पाउने छैनन् ।

अर्को वर्ष दशैंमा सबैभन्दा ठूलो भिडन्त हुनसक्ने छनक देखिन्छ । अहिलेसम्म आधा दर्जन फिल्मले दशैंलाई प्रदर्शन मिति घोषणा गरिसकेका छन् । तर, नेपालमा चर्चाका लागि प्रदर्शन मिति घोषणा गर्ने र पछि लुसुक्क भाग्ने प्रवृत्ति छ । यसैले दशैंलाई घोषणा भएका सबै फिल्म रिलिज हुन्छन् भन्ने छैन । तथापि, आगामी दशैंमा नेपाली फिल्मबीच ठूलो भिडन्तको सम्भावना भने प्रवल छ ।

# "बम बहादुर"मा मलाई आँनै कथा महसुस भयो : सौगात मल्ल



यही पुष ५ गतेबाट नेपाल र भारतमा एकसाथ प्रदर्शनको तयारीमा रहेको फिल्म 'बम बहादुर'मा अभिनेता सौगात मल्लले विद्रोही भूमिकामा निर्वाह गरेका छन् । केही दिनअघि सार्वजनिक ट्रेलरले पनि उनको चरित्रबारे प्रकाश पार्छ । फिल्मको कथा आफैंले भोगेको जस्तो महसुस भएपछि उनी काम गर्न तयार भएका रहेछन् । र, दर्शकलाई पनि यही महसुस हुने उनको विश्वास छ ।

आइतबार पूर्वी नेपालको इटहरीमा आयोजित पत्रकार सम्मेलनमा उनले भने, 'फिल्मको स्क्रिप्ट पढ्दा मलाई आफैंले भोगेको कथाजस्तो महसुस भएको थियो । म निकै भावुक भएको थिएँ । र, तुरुन्तै यो कथामा काम गर्छु भनेर सोच्न मैले खासै समय लगाइनँ । फिल्म हेर्दा दर्शकलाई पनि यो कथा आफ्नै हो जस्तो लाग्नेछ ।'

अभिनेता मल्ल फिल्ममा आफ्नो पात्र रोचक रहेको बताउँछन् । आफूले अहिलेसम्म यस्तो पात्र नगरेको उनको भनाई छ । भन्छन्, 'यो कथा कसरी पर्दामा उतार्न सकिन्छ भन्ने थियो । सबैको मिहिनेतले कथाअनुसार नै फिल्म बनेको छ । मेरो पात्र एकदमै रोचक छ, सायद यस्तो पात्रमा मैले अहिलेसम्म काम गरेको छैन । यसैले पनि म निकै उत्साहित छु ।'

फिल्ममा सन् १९८६ मा दार्जिलिङ क्षेत्रमा भएको गोर्खाल्यान्ड आन्दोलनको पृष्ठभूमिमा मानव जीवनका आरोह-अवरोहहरूलाई उतारिएको लेखक तथा निर्देशक जोन राईले बताए । यो फिल्म बनाउनुको उद्देश्य आफ्नो इतिहास नबिसौं भन्ने रहेको उनको भनाई छ । अब खुकुरी र बन्दुकले नभइ दिमागले आन्दोलन गरौं भन्ने सन्देश पनि फिल्मले दिने उनको विश्वास छ ।

अभिनेत्री अनिशा रसाइलीले फिल्मले सबै मानिस एउटै हुन् पक्षलाई उजागर गर्ने बताइन् । 'म सिक्किमको भएकोले मलाई त्यति धेरै आइडिया थिएन, जब म यो फिल्म सुट गर्न थालेँ, त्यो लोकेसनमा पुरानो समयमा समस्या भोग्नु भएकाहरूको कुरा सुन्दा डरलाग्दो थियो । मेरो अनुरोध छ कि यो फिल्म जरुर हेर्दिनुस् र त्यो पीडालाई महसुस गर्नुस् । हामी सबै एउटै हौं,' उनले भनिन् ।

अर्की कलाकार शान्तिला तामाङले 'बम बहादुर'बाट आफूले ठूलो आशा बोकेको बताइन् । दार्जिलिङ निवासी उनले भनिन्, 'नेपाललाई दुःख हुँदा हामीलाई पनि दुख्छ । फिल्ममा जुन कथा उठाएका छौं, यसले नेपालीलाई पक्कै छुन्छ ।'

बिस्ट ब्रदर्स फिल्म्सको निर्माणमा बनेको फिल्मका निर्माता सञ्जीव सार्की हुन् । लाइन प्रोड्युसरमा भने प्रकाश हमाल छन् । जोन राई र रुपेश तामाङको कथा र पटकथा लेखन रहेको फिल्ममा सुजोय कुमार घोष 'मुन्ना'को छायाङ्कन तथा ज्ञान गुरुङको सम्पादन छ । यसमा संगीत दीपङ्कर सिंह मुखियाको रहेको छ भने म्यूजिक एरेन्जमेन्ट र ब्याकग्राउन्ड स्कोर इजाज अलीले गरेका छन् ।

# अनमोलको तारिफमा आचल भन्छिन्, "एकदमै नम्र"

अभिनेता अनमोल केसी र अभिनेत्री आँचल शर्माको फिल्मी करिअरले एक दशक पूरा गरिसकेको छ । यो अवधिमा दुवैले १० वटा फिल्ममा काम गरिसकेको भए पनि एकअर्कासँग सहकार्य जुर्न सकेको थिएन । अब पहिलो पटक उनीहरु जोडी भएर फिल्म 'जेरी अन टप'मा एकसाथ देखिँदैछन् । यसमा कलाकार केदार घिमिरे 'माग्ने बुढा' र अभिनेत्री जसिता गुरुङको पनि अभिनय छ ।


पहिलो पटक अनमोलसँग सहकार्य गरेकी आँचल उनको स्वभाव र काम गर्ने शैलीबाट प्रभावित भएकी छन् । शनिबार एक र्‍याम्प शोमा सहभागी भएपछि उनले सञ्चारकर्मीसँगको कुराकानीमा अनमोल नम्र स्वभावको रहेको बताइन् । उनले भनिन्, 'अनमोलसँग काम गर्दाको अनुभव राम्रो रह्यो । उहाँ एकदमै हम्बल (नम्र) हुनुहुन्छ । के नयाँ गरुँ भनेर सोच्नुहुन्छ ।'

आँचलका अनुसार छायांकनको बेला अनमोल आफ्नै जोनमा बस्ने गरेका हुन्छन् । त्यो पक्ष उनलाई मन परेको छ । 'सुटिङ सेटमा हाम्रो मुड अन-अफ भइरहन्छ । गफ गर्दागर्दै टेकमा गइहाल्छौं,' उनी भन्छिन्, 'अनमोलजी चाहिँ आफ्नै जोनमा बसिरहनुहुन्छ । त्यसले चरित्रमा केही न केही फाइदा अवश्य पनि पुग्छ । उहाँ मलाई व्यक्तिगत र कलाकार दुवै रुपमा मनपर्‍यो ।'

'जेरी अन टप'मा काम गर्दा आँचल सबैभन्दा नजिक भने जसितासँग बनेकी छन् । उनी आफूहरुको 'भाइब्स' मिलेको बताउँछिन् । 'जसिता राम्रो 'ह्यूमन बिइङ' हो । ऊ र म दुवै 'टम ब्वाइ' खालको छौं । कुरा गर्दा पनि हाम्रो 'भाइब्स' मिल्यो । कलाकार हरुबीच राम्रो बोन्डिङ बन्न सक्यो भने काम पनि राम्रो हुन्छ । जसिता व्यक्तिगत र व्यावसायिक दुवै हिसाबमा राम्रो छ,' आँचलले भनिन् ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- १८, २०८१ साल पुस २ गते मंगलबार (Dec 17, 2024)

# कर्जाको माग नबढेकाले बैंकहरुले चाहेर पनि अब ब्याजदर चलाउने अवस्था छैन




काठमाडौं- लामो समयदेखि निक्षेपको ब्याजदर घटाउँदै आएका अधिकांश बैंकहरुले पुसमा यथावत राखेका छन् । पुसमा ३ बैंकले ब्याजदर घटाउँदा ३ वटाले बढाएका छन् । अरुले ब्याजदर चलाएका छैनन् ।

बैंकहरुले कर्जाको मागका कारण निक्षेको ब्याजदर यथावत राखेका भने होइनन् ।

नयाँ व्यवसाय विस्तार गर्न नसकेको बेलामा बैंकहरुले निक्षेपको ब्याजदर यथावत राख्नुले के संकेत गर्छ त ? नेपाल राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक नारायण पौडेल निक्षेपको ब्याजदर न्यूनतम विन्दुमा झरिसकेको हुँदा बैंकहरु स्थिर अवस्थामा देखिएको बताउँछन् ।

'लामो समयदेखि निरन्तर घट्दै आएको निक्षेपको ब्याजदर न्यून विन्दुमा छ । अहिले साधारण बचतको ३ प्रतिशत र छोटो अवधिको मुद्दतीको ब्याजदर साढे ३ देखि ४ प्रतिशतमा झरेको छ,' उनले भने, 'उच्च दरले घटाएको निक्षेपको ब्याजदरले फिक्स डिपोजिट नै निरुत्साहित भइरहेको छ । त्यही कारण बैंकहरुले कर्जाको माग बढ्न नसकेपनि ब्याजदर नचलाएका हुन् ।'

२०८० भदौमा औसत ब्याजदर साधारण बचतको ५.९४ प्रतिशत र मुद्दती निक्षेपको १०.२६ प्रतिशत थियो । त्यसयता निरन्तर घटेर मुद्दती निक्षेपको अधिकतम ब्याजदर अहिले ६ प्रतिशतमा झरेको छ ।

एभरेष्ट बैंकका प्रमुख कार्यकारी अधिकृत (सीइओ) सुदेश खालिङ निक्षेपको ब्याजदर घटाउने ठाउँ नरहेकाले नचलाएको बताउँछन् । ब्याजदर करिडोरको सीमाभन्दा तल जान नमिल्ने भएर बैंकहरुले ब्याजदर यथावत राखेको उनको भनाइ छ ।

'अहिले बैंकहरुले दिइरहेको ५/६ प्रतिशत अधिकतम ब्याजदर लामो अवधिका लागि हो । छोटो अवधिको निक्षेपको ब्याजदर ३/४ प्रतिशतमा झरेको छ । साधारण बचतको ब्याजदर ३ प्रतिशत भएपछि ४ प्रतिशतका लागि कसले मुद्दतीमा पैसा राख्छ र?' उनले भने, 'हामीलाई पनि पैसा लिएर लगानी गर्ने ठाउँ छैन । ट्रेजरीमा गरेको लगानीको ब्याजदर ३ प्रतिशतभन्दा कम छ । त्यसैले अहिले हाम्रो ध्यान निक्षेपमा छैन ।'

उनले कर्जाको माग नबढेको अवस्थामा बैंकहरुले चाहेर पनि ब्याजदर चलाउने अवस्था नरहेको बताए ।

चालु वर्ष पाँच महिनामा बैंकिङ प्रणालीमा १५२ अर्ब निक्षेप थपिंदा १५९ अर्ब कर्जा प्रवाह भएको छ । त्यसमध्ये ३८ अर्ब रुपैयाँ मंसिरमा लगानी भएको हो ।

बैंकहरुले आफ्नो व्यावसायिक रणनीति अनुसार ब्याजदर तलमाथि गर्ने भएपनि धेरै तल आइसकेका कारण अब घटाउने अवस्था नरहेको एक बैंकका सीइओले बताए । 'निक्षेपको ब्याजदर घटेसँगै कर्जा सस्तिँदै आइरहेको छ । तर कर्जाको माग बढ्न सकेको छैन । त्यसैले कर्जाको माग नबढेसम्म निक्षेपको ब्याजदर स्थिर नै राख्नुपर्ने अवस्था छ,' उनले भने ।

# अटो क्षेत्रमा लगानी गर्न तयार छौं, तर सरकारले वातावरण बनाउन चासो दिएन: करण चौधरी



काठमाडौं- अटोमोबाइल्स एसोसिएन अफ नेपाल (नाडा)का अध्यक्ष करण चौधरीले अटोमोबाइल क्षेत्रको विकासमा सरकारले ध्यान नदिएको आरोप लगाएका छन् । नाडा अटोमोबाइल्स एसोसियसन अफ नेपालको ४८ औं वार्षिक साधरण सभामा उनले सरकारले अटो क्षेत्रको विकासका लागि वातावरण बनाउनुपर्ने बताएका हुन् ।

'सरकारले अटो क्षेत्रमा राम्रो वातावरण बनाउन जरुरी छ । हैन भने हाम्रो संस्था मात्रै रहने र संस्थामा भएका सबै सदस्यहरू पलायन हुने अस्वस्था छ,' उनले भने ।

मन्दीका कारण अटोमोबाइल क्षेत्रमा जनशक्तिको समेत अभाव हुँदै गएको उनले बताए ।

'पछिल्लो समय देखिएको आर्थिक मन्दीका कारण धेरै जस्तो जनशक्तिहरू अटोमोबाइल क्षेत्रबाट पलायन भइरहनु परेको छ । जसको असर नेपाल अटोमोबाइल क्षेत्रले थेगेको १ लाख प्रत्यक्ष र १० लाख अप्रत्यक्ष जनशक्तिहरूमाथि परेको छ,' उनले भने ।

अटोमोबाइल क्षेत्रले नेपालको राजस्वमा २१ प्रतिशत योगदान पुर्‍याइरहेकोमा पछिल्लो समय आर्थिक मन्दीका कारण राजस्व योगदान घट्दै गइरहेको उनको मत छ ।

अटोमोबाइल उद्योगमा थप लगानी गर्न लगानीकर्ता तयार रहेको तर सरकारको नीतिले ढुक्क भएर लगानी गर्ने वातावरण नबनेको उनको जिकिर छ ।

'अहिले लुब्रिकेन्ट्सदेखि अन्य पार्ट्सका उद्योगहरू निर्माण हुँदै गएका छन् । त्यसमा पनि अहिले दुई र चार पाङ्गे सवारीको एसेम्ब्ल उद्योग संचालित छ । गाडीको एउटा र दुई पाङ्गेको आधा दर्जन रहेका छन् । तर त्यसका लागि आवश्यक पर्ने कानुनी प्रक्रिया तथा सहुलियतपूर्ण सहयोगमा निकै कन्जुस्याइँ भएको अनुभव भइरहेको छ,' उनले भने ।

चौधरीले सरकारलाई लगानीका लागि सहज वातावरण बनाउने आग्रहसमेत गरेका छन् । उनले प्रदेश अनुसार कर एकीकृत नभएको पनि बताए ।

'हरेक प्रदेश अनुसार कर प्रणाली नै फरक भएकाले अटो व्यवसायीहरू मारमा पर्ने र काम गर्न झनझटिलो हुने गरेको छ,' उनले भने ।

यस्तै, उनले सरकारले इभीको इकोसिस्टममा ध्यान दिन नसकेको बताए ।

'निजी क्षेत्रले गर्ने सक्ने इकोसिस्टममा लगानी गरिरहेका छ । तर सरकारले यसमा धेरै काम गर्नु पर्ने देखिन्छ । नेपाल विद्युत् प्राधिकरणले केही मात्रै चार्जिङ स्टेसन निर्माण गरेर बसेको अवस्था छ,' उनले भने, 'इभी गाडीको टेस्टिङ गर्नका लागि सरकारले कदम चाल्न सकेको छैन । हामी त्यसका लागि अवश्यक सबै ल्याब तथा प्राविधिक उपकरणदेखि टेस्टिङ मेसिनहरू पनि सेटअप गर्न तयार छौं । तर सरकारले नै यसमा चासो देखाएको छैन ।'

# मनकामनामा एक अर्ब लागतमा संचालनमा आउँदै हाइ इण्ड रिसोट

काठमाडौं- सोल्टी होटलको व्यवस्थापनमा मनकामनामा हाइ इण्ड रिसोर्ट संचालनमा आउने भएको छ ।

एक अर्ब रुपैयाँ लागतमा आउँदो बैशाख १ गते सफ्ट ओपनिङ हुने गरी सोल्टी वेस्टेण्ड रिसोर्ट मनकामना संचालनमा आउन लागेको हो ।

रिसोर्ट संचालक विजय मल्लले यतिखेर भवन संरचना निर्माण सकिएर इन्टेरियरको काम भइरहेको जानकारी दिए ।

'हामी बैशाखबाट प्रि-ओपनिङ गर्ने तयारीमा छौं । अहिले फिनिसिङको चरणमा छ । काम धमाधम भइरहेको छ,' उनले भने, 'यसको व्यवस्थापन सोल्टी होटलले गर्नेछ ।'



उनका अनुसार आन्तरिक र बाह्य पर्यटकलाई लक्षित गरि रिसोर्टमा स्पा, फिटनेस क्लब, स्विमीङ पुल, ५ सय जना क्षमताको बैंक्विट हल, रेष्टुरेण्ट लगायत सुविधा समावेश गरिंदैछ ।

सुरुमा ७६ करोड रुपैयाँ लागत अनुमान गरिएको रिसोर्टको लागत कोभिड-१९ महामारीका कारण काम रोकिँदा बढेको छ । ७० रोपनी क्षेत्रफल रहेको रिसोर्ट भविष्यमा थप संरचना बनाइ सेवा विस्तार गर्ने योजनामा छ ।

सोल्टी होटलका उपाध्यक्ष सुदर्शन चापागाईंले रिसोर्ट मनकामना क्षेत्रकै हाइ लक्जरी हुने बताए ।

'मनकामना मन्दिर छेउमा निर्माणाधीन रिसोर्टमा सोल्टीको अवधारणा अनुसार इन्टेरियर तयार पार्दै छौं,' उपाध्यक्ष चापागाईंले भने, 'हामी मनकामना क्षेत्रकै हाइ इण्ड रिसोर्ट संचालनमा ल्याउने व्यावसायिक योजनामा छौं । हामीले रिसोर्ट निर्माणस्थलमा सोल्टीबाट एकजना प्रतिनिधि पठाइसकेका छौं ।'

उनका अनुसार रिसोर्टको इन्टेरियर डिजाइनको काम भारतीय कम्पनी आर्कोभले गरिरहेको छ ।

कूल ५१ वटा भिल्ला रहेन रिसोर्टमा अत्याधुनिक प्रविधिसहित मौलिक सेवा दिइने चापागाईं बताउँछन् । रिसोर्टमा क्वीन, किङ र प्रेसिडेन्सियल रुम हुनेछन् । यस्तै, ५६ जना क्षमताको रेष्टुरेण्ट पनि तयार पारिंदैछ ।

सोल्टीको व्यवस्थापनमा यसअघि गोरखा, चितवन लगायत विभिन्न ठाउँमा रिसोर्ट र होटल संचालनमा छन् ।

'हामीले अहिलेसम्म १२ वटा होटलसँग व्यवस्थापन सम्झौता गरिसकेका छौं । जसअन्तर्गत अहिलेसम्म आठवटा प्रोपर्टीमा हामीले व्यवस्थापन सुरु गरिसकेका छौं,' उनले भने ।

# बैंकर्स संघको अध्यक्षमा सन्तोष कोइराला पक्का




काठमाडौं- नेपाल बैंकर्स संघको अध्यक्षमा माछापुच्छ्रे बैंकका प्रमुख कार्यकारी अधिकृत सन्तोष कोइराला निर्विरोध चयन भएका छन् । अध्यक्ष चयनले औपचारिकता भने बुधबार पाउनेछ ।

बुधबार संघको वार्षिक साधारणसभा छ । कोइराला अहिले उपाध्यक्ष छन् । उनी अध्यक्ष भएपछि उनको ठाउँमा ग्लोबल आइएमइ बैंकका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्र रेग्मी आउने छन् ।

यसपाली तीनजना सदस्य पद रिक्त भएको छ । त्यसमध्ये एक कार्यकाल पुरा गरेका एभरेष्ट बैंकका प्रमुख कार्यकारी अधिकृत सुदेश खालिङले दोस्रो कार्यकाल दोहोर्‍याउने भएका छन् ।

बाँकी दुई सदस्यमा नेपाल बैंकका प्रमुख कार्यकारी अधिकृत तिलकराज पाण्डे र कुमारी बैंकका प्रमुख कार्यकारी अधिकृत रामचन्द्र खनाल आउने भएका छन् ।

यसअघि अध्यक्षमा प्रभु बैंकका प्रमुख कार्यकारी अधिकृत अशोक शेरचनले उम्मेदवारी दिएका थिए । अहिलेका अध्यक्ष सुनिल केसी, पूर्व अध्यक्ष अशोक राणा, ज्ञानेन्द्र ढुंगाना र सदस्य खालिङले सहमतिका साथ अगाडि बढ्न भन्दै शेरचनलाई अध्यक्षमा दाबी नगर्न आग्रह गरेका थिए ।

बैठकमा शेरचन र कोइराला उपस्थित थिएनन् । दुवै पक्षले 'चार जनाले जे निर्णय गर्छन् त्यो मान्ने' भनेपछि उनीहरुले सन्तोषको पक्षमा सहमति गरेका थिए ।

संघको रिक्त अध्यक्ष, उपाध्यक्ष र सदस्यका लागि दाबी पेश गर्ने आज ४ बजेसम्म समय थियो ।

भ्रष्ट्राचार र अनियमितता बिरुद्ध जुटौं

- धुम्रापान र मद्यपानले जाडो घट्ने वा हट्ने होईन,
- यसले मुटु, दम, श्वासप्रश्वास, क्यान्सरजस्ता दीर्घकालीन रोग लाग्न सक्छ,
- आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई त्यस्तो कुलतमा फस्न नदिऔं,
- कुलतमा रहेकाले त्याग्ने प्रण गरौं.
- धुम्रपानले तपाई र तपाईको परिवारका साथै नजिक रहेका व्यक्तिलाई समेत असर पुर्‍याउँछ ।

त्यसैले,

धुम्रपान र मद्यपान नगरौं, स्वस्थ जीवन बाचौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# बालेन र सुनिताले पीएल सिंहलाई दिए श्रद्धाञ्जली

काठमाडौं- काठमाडौं महानगरपालिकाका प्रमुख बालेन शाह र उपप्रमुख सुनिता डंगोलले महानगरपालिकाका पूर्वप्रमुख पीएल सिंहको पार्थिव शरीरमा श्रद्धाञ्जली अर्पण गरेका छन् ।

सोमबार बिहान चाक्सीबारी पुगेर पुष्पगुच्छा अर्पण गर्दै उनीहरूले पूर्व प्रमुख सिंहको पार्थिक शरीरमा श्रद्धाञ्जली अर्पण गरेका हुन् ।

सिंहको आज विहान ८८ वर्षको उमेरमा निधन भएको हो । पछिल्लो समय उपचारसँगै उनी ठमेल चाक्सीबारी निवासमा आराम गरिरहेका थिए । पेटमा अल्सर भएपछि गएको वर्ष पेटको शल्यक्रिया गरिएको थियो ।



वि. सं. १९९६ चैत ११ गते जन्मिएका सिंह २०४९ सालमा भएको स्थानीय निर्वाचनबाट काठमाडौं नगरपालिकाका प्रमुखका रुपमा निर्वाचित भएका थिए ।

उनकै कार्यकाल २०५२ साल मंसिर २९ गते नगरपालिकालाई महानगरपालिका घोषणा गरिएको हो ।

सिंहको पार्थिव शरीरलाई विष्णुमती नदी किनारा लखतीर्थमा अन्तिम संस्कार हुनेछ ।

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कम्प्युटर जनआकास डेस्ककटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस बागबजार